वर्ष : १९, अंक : २८, काठमाडौं, २०८० कार्तिक २४ गते शुक्रबार, 10 November, 2023, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvani

https://twitter.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## मधेश सरकारद्वारा चरणबद्ध आन्दोलनको चेतावनी

जनकपुरधाम । मधेश सरकारले संघीय सरकारविरुद्ध चरणबद्ध आन्दोलन गर्ने चेतावनी दिएको छ । मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादव सहितको सर्वदलीय प्रतिनिधिमण्डलले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई ६ बुँदे मागसहित ज्ञापनपत्र बुझाएको छ ।

प्रहरी समायोजन, संघीय निजामती कर्मचारी ऐनको कार्यान्वयन लगायतको ६ बुँदे माग राख्दै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई ज्ञापनपत्र मुख्यमन्त्रीले बुझाएका हुन् । ३० दिनभित्र माग सम्बोधन नभए चरणबद्ध आन्दोलन गर्ने सर्वदलीय टोलीले चेतावनी समेत दिएको छ ।

मुख्यमन्त्री यादवको नेतृत्वमा मधेश प्रदेशको सर्वदलीय प्रतिनिधि मण्डलले प्रदेश प्रहरी, संघीय निजामती सेवा ऐन, सार्वजनिक जग्गाको प्रयोग, गुठी जग्गा, अर्थ र अभियोजनसहित ६ बुँदे मागसहितको ज्ञापन पत्र बुझाएको हो ।



*प्रधानमन्त्री प्रचण्डलाई ज्ञापनपत्र बुझाउँदै मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव ।*

संघीय निजामती सेवा ऐन बन्न नसक्दा प्रदेशले कर्मचारी खटनपटन गर्न नसकेको भन्दै ज्ञापनपत्रमा, प्रदेशमा खटिने सचिव प्रदेश सरकारको मातहतमा रहने र स्थानीय तहहरूमा खटिने प्रमुख प्रशासकीय अधिकृतहरूलाई प्रदेश सरकार मातहतमा रहने गरी निजामती विधेयक तत्काल संसद्बाट पारित गर्न माग पनि गरेको छ ।

मधेशको सर्वदलीय प्रतिनिधि मण्डलले मूल्य अभिवृद्धि कर र अन्तःशुल्क करबाट उठेका राजश्व बाँडफाँट पुनरावलोकन गर्नुपर्ने माग पनि गरेको छ । अहिले संघीय सरकारलाई ७० प्रतिशत र प्रदेश तथा स्थानीय तहलाई १५/१५ प्रतिशत बाँडफाँट हुनु गलत रहेकोले यसलाई पुनरावलोकन गरी संघीय सरकारले ५० प्रतिशत, प्रदेश सरकारलाई ३० प्रतिशत र स्थानीय सरकारलाई २० प्रतिशत गर्ने गरी कानुनमा संशोधन गर्नुपर्ने मधेश प्रदेशको माग उल्लेख छ ।

ज्ञापनपत्र ग्रहण गर्दै प्रधानमन्त्री प्रचण्डले माग सम्बोधनका लागि प्रयास गर्ने बताए । आफूहरूको मागप्रति प्रधानमन्त्री सकारात्मक रहेको भेटमा मुख्यमन्त्री यादवले बताएका छन् ।

ज्ञापनपत्रको पूर्णपाठ पृष्ठ ३ मा

## भारतद्वारा नेपाल सरकारलाई भूकम्प राहत सामग्री हस्तान्तरण



काठमाडौं । यही कार्तिक १७ गते जाजरकोटमा गएको भूकम्पपछि नेपाललाई हरसम्भव सहयोग उपलब्ध गराउने भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको प्रतिबद्धता अनुरुप आइतबार भारु. १० करोड बराबरको आपतकालीन राहत सामग्रीको पहिलो खेप नेपालगञ्ज आइपुगेको छ । भारतीय वायसेनाको एक विशेष विमान सी-१३० ले ११ टनभन्दा बढी आपतकालीन राहत सामग्री लिएर आएको हो । यी आपतकालीन राहत सामग्रीमा भूकम्प प्रभावित मानिसहरुका लागि त्रिपाल, टारपोलिन सिट, कम्बल र स्लीपिङ्ग ब्याग, पोर्टेबल भेन्टिलेटर जस्ता चिकित्सा उपकरण र अत्यावश्यक औषधी रहेका छन् ।

भारत सरकारको तर्फबाट नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले यी राहत सामग्री कर्णालीका मुख्यमन्त्री राज कुमार शर्माको उपस्थितिमा नेपालका उपप्रधानमन्त्री तथा रक्षा मन्त्री श्री पूर्ण बहादुर खड्कालाई हस्तान्तरण गरेका छन् । आगामी दिनमा राहत सामग्रीका थप खेपहरु नेपाल आइपुग्ने अपेक्षा छ । घनिष्ट मित्र र छिमेकी भएको नाताले नेपालमा भूकम्पबाट प्रभावित भएकाहरुलाई हर सम्भव सहयोग गर्न भारत प्रतिबद्ध छ । छिमेकी मुलुक होस् या अन्य मुलुक संकटको बेला सहयोगको हात बढाउन भारत सदैव अगाडी रहेको छ ।

२०७२ सालको भूकम्पपछि नेपाललाई सहयोग गर्न भारत सरकारले सबैभन्दा सुरुमा तत्परता देखाएको थियो र बाह्य मुलुकमा अपरेशन मैत्री नामक सबैभन्दा ठूलो विपद राहत कार्य संचालन गरेको थियो । भारतले आवास, शिक्षा, स्वास्थ्य र सांस्कृतिक सम्पदा क्षेत्रमा दीर्घकालीन सहकार्यको एक हिस्साको रुपमा भूकम्पपछिको पुनर्निर्माणका लागि नेपाललाई एक अर्ब अमेरिकी डलर आर्थिक सहयोग गरेको थियो जसमा नेपालका गोरखा र नुवाकोट जिल्लाका ५०,००० घरहरुको पुनर्निर्माण कार्य समावेश थियो ।

## अधिकार प्राप्तिको लडाइ बाँकी छ : डा.राउत



वीरगञ्ज । जनमत पार्टीका केन्द्रीय अध्यक्ष डा.सिके राउतले मधेसी जनताको अधिकार प्राप्तिको लडाइँ अझै नसकिएको बताएका छन् । आफूहरूसँग पर्याप्त बहुमत नभएको कारण मधेस प्रदेशमा आफूहरूले राम्रो काम गर्न खोजे पनि गर्न नदिएको बताए । हिजो सोमबार सर्लाहीको कविलासीमा जनमत पार्टीले आयोजना गरेको शुभकामना आदानप्रदान तथा वृहत् पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै डा. राउतले आफूहरूले कृषिको क्षेत्रमा राम्रो गर्ने प्रयास गर्दा गर्दै जिम्मेवारीबाट हटाएको बताए ।

जनमत पार्टीले मधेस सरकार मार्फत जनताको मन जित्ने काम गरेकोले अरू पार्टी त्रसित भएको आशय व्यक्त गर्दै भने, 'जनताको माग पूरा भयो भने पार्टी जनताको लोकप्रिय हुन्छ भन्ने सोचियो । त्यसैले हामीले गाउँ गाउँमा किसानका लागि मल कारखाना खोल्ने कृषि डाक्टरहरू पठाउने योजना बनाइरहेको बेला हामीलाई जिम्मेवारीबाट हटाएर विना विभागीय बनाइयो ।'

त्यस्तै उनले देशको अवस्था भद्रगोल भई सक्दा पनि मधेस र सङ्घीय सरकार भ्रष्टाचारमा लिप्त भएको आरोप लगाए । 'लाखौं युवा बिदेसिन बाध्य छन्, स्वदेशमै भएकाहरू पनि दिनदिनै आत्महत्या गर्न बाध्य छन्,' उनले भने, 'यहाँका किसान, मजदुर आत्महत्या गर्न बाध्य भई सक्दा पनि शासकलाई कुनै मतलब छैन बरु भ्रष्टाचार गर्न र लुट्न मै मस्त छन् ।' उनले मधेस प्रदेशका अर्थमन्त्री कुनै पनि योजना दिँदा सुरुमै कमिसन माग गर्ने गरेको आरोप पनि लगाए । उनले जनताको आम समस्या जस्ताको त्यस्तै रहेकोले आफूहरूको सङ्घर्ष पनि अझै जारी रहेको बताए । उनले आगामी चुनावमा जनमत पार्टीलाई मधेस प्रदेशमा दुई तिहाइ र केन्द्रमा निर्णायक सिटमा जिताउन आग्रह गरे ।

## भ्रष्टाचारको विरुद्धमा छठपछि कडा आन्दोलन हुन्छ : प्रभु साह

कलैया । आम जनता पार्टी (आजपा)का अध्यक्ष प्रभु साहले विदेशी नागरिकलाई नेपाली नागरिकत्ता दिने कार्य 'खुलेआम राष्ट्रघाती कार्य' भएको टिप्पणी गरेका छन् ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारले गैरआवासीय नागरिकलाई नेपाली नागरिकत्ता वितरण गर्न थालेपछि आजपा अध्यक्ष साहले त्यसलाई राष्ट्रघाती कार्य गरेको भन्दै विरोध जनाएका छन् । बडादशैं, दिपावली, छठ पर्व सहित बिभिन्न चाडपर्वको अवसरमा बाराको बेलहिया बजारमा आयोजित शुभकामना अदानप्रदान कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष साहले 'टोपीधारी बेलायती'ले नेपालमा रहेका धनसम्पती विदेशमा लैजान लागेकाले यस्तालाई नागरिकत्ता दिन नहुने बताए ।



'इन्डियामा ब्रिटिसहरु आउँदा पैसा कमाएर जहाजभरी भारतबाट ब्रिटिस पैसा लैजान्थे, थोरै पैसा लागानी गर्थे तर भारतको पैसा उनीहरुले जहाजमा भरेर ब्रिटिस लैजान्थे' साहले भने, 'नेपालको नागरिकत्ता त्यागिसकेकालाई फेरी किन नागरिकत्ता दिनुपर्यो ? नेपालमा रहेका उनीहरुले सम्पती बेचेर विदेश लैजान्छन् । उनीहरुलाई नेपालमा लगानी गर्ने चिन्ता छैन् । नेपालमा भएका सम्पती कसरी बिदेश लैजाने त्यसका चिन्ता मात्रै छ । नेपालमा गैरआवासिय नागरिकलाई लगानी गर्न कुनै बन्देज छैन् । तै पनि उनीहरुलाई नागरिकत्ता दिएर नेपाललाई आर्थिक रुपमा अझै कमजोर बनाउँने षडयन्त्र मात्रै हो ।'

विश्वमा कहिपनि नभएको व्यवस्था गरेर नेपाललाई आर्थिक रुपमा कमजोर बनाउँनेलाई नेपाली नागरिकले चिनेर कारवाही नगरेसम्म देश नबन्ने उनले बताए । आम जनता अहिले यस्ता भ्रष्ट एवं देशको माया नहुनेलाई कारवाही गर्नुपर्ने तर्क उनले गरे ।

'बिदेशी नागरिकलाई नेपाली नागरिकता दिने कार्य खुलेआम राष्ट्रघाती कार्य हो । गैरआवासीय नागरिकता वितरणले बिदेशी नागरिकता लिएका नेपालीहरुको नेपालमा रोकिएको अचल सम्पति बेचबिखन गरि विदेश लैजानको लागि बाटो खुलनेछ' आजपा अध्यक्ष साहले भने, 'खर्बो खर्बको चल सम्पति अवैध ढंगले विदेश पुर्याईसकेका तिनिहरुले अब आफनो अचल सम्पति पनि खुलेआम विदेश लान पाउनेछन । नेपालमा लुटेर राखेका सम्पति समेत विदेश लैजानलाई अब कानुनी समस्या हुनेछैन ।' विश्वमा दोहोरो नागरिकत्ताको प्रावधान नरहेको तर नेपालमा दोहोरो नागरिकत्ताको प्रावधान राखेर नेपाललाई खोक्रो राष्ट्र बनाउँने कार्य भईरहेको भन्दै उनले यसलाई रोक्नुपर्ने माग गरेका छन् ।

'दुनियामा काही न भएको दोहरो नागरिकताको प्रावधानले नेपाल छिटै खोक्रो हुने पक्का छ । विदेशी लगानी नेपाल ल्याउनलाई यो दोहरो नागरिकताको प्रावधान ल्याईएको भन्ने हाला मचाएर आज ठुलो राष्ट्रघाती कार्य हुदैछ । यस अपराधजन्य कार्यको बिरुद्ध आम जनता एक भएर प्रतिवाद गरौ । राष्ट्रघाती कार्य मुर्दावाद, प्रतिक्रान्तिकारीहरु होशियार' उनले भने ।

## वनमन्त्री महतोले चुरे र नदी बेच्न लागे, आन्दोलनमा जान्छौं : पूर्वराज्यमन्त्री मण्डल



जनकपुरधाम । मधेशमा चुरे बचाऊ अभियान एवं यसमाथि चर्चा, परिचर्चा, बहस, छलफल, अन्तरक्रिया र संवाद जारी रहेको अवस्थामा सरकारले संसदमा यसविपरीत विधेयक लगेको छ । सरकारका तर्फबाट वन तथा वातावरण मन्त्री वीरेन्द्र प्रसाद महतोले ढुंगा, गिट्टी र बालुवा भारत लगायत अन्य देशमा निकासी पैठारी सम्बन्धी विधेयक सदनमा लगेका हुन् ।

जसको मधेशमा चौतर्फी विरोध सुरु भएको छ । मधेशको जीवन रेखा मानिने चुरे, पर्वत, नदि, खोला दोहनका लागि सरकार र वनमन्त्री महतोले चालेको यो कदमप्रति मधेशका बुद्धिजीवीहरू आपत्ति जनाइरहेका छन् । यसैबीच, मधेश सरकारका पूर्वराज्यमन्त्री सुरेशकुमार मण्डलको पनि वक्तव्य आएको छ । सामाजिक सञ्जाल फेसबुकमार्फत् उनले यो विधेयक तत्काल फिर्ता नभए आन्दोलनमा जाने चेतावनी दिएका छन् ।

उनले लेखेका छन्, 'वर्तमान सरकार र यसका व्यापारी मन्त्रीद्वारा ढुंगा, गिट्टी र बालुवा भारत लगायत अन्य देशमा निकासी पैठारी सम्बन्धी विधेयक सदनमा आउनु दुःखद हो । यसको म घोर भर्त्सना र विरोध गर्दछु । साथै उक्त विधेयक अविलम्ब फिर्ता लिन माग गर्दछु । अन्यथा चुरे बचाउन जस्तोसुकै कदम चाल्न बाध्य हुने र आन्दोलनमा उत्रिने चेतावनीसमेत दिन चाहन्छु ।'

विवादित र व्यापारिक पृष्ठभूमिका वनमन्त्री महतो पैसाको बलमा चुनाव जितेको र अहिले सरकारलाई समेत प्रभावमा पारेर आफ्नो व्यापारिक लाभ र स्वार्थ सिद्धीमा लागिपरेको भन्दै उनलाई बर्खास्त गर्नुपर्ने मागसमेत जनस्तरबाट उठेको छ ।

## भूकम्प पछिको बढी क्षति र गरिबीका बीच के सम्बन्ध छ ?



**जय प्रकाश आनन्द**

अकाल तथा भोकमरी, भूकम्प, बाढी-पैरो, आगलागी, रोग व्याधिको संक्रमण र अन्य प्राकृतिक बिपदहरू कतिपय मानवीय असावधानीले घटित हुन्छ। कतिपयको कुनै पूर्व सुचना हुन सक्दैन। केही राज्य संचालनको त्रृटी तथा अर्थ व्यवस्थाका गलतीले हुन्छ। केहीलाई रोक्न सकिन्छ, केहीलाई रोक्नु असंभव मानिन्छ। तर, यसबाट हुने मानवीय तथा भौतिक क्षतिलाई भने कम पार्न सकिन्छ-आजको संसारमा अनेकन् अनुभव तथा शोधहरूले यसलाई सिद्ध गरेको छ। यस सन्दर्भमा हालसम्मका सबैभन्दा उल्लेख्य शोध अर्थशास्त्री अमर्त्य सेनको हो। सन् ३० को दशकमा भारतको बिशेषतः बंगालमा केन्द्रीत अकाल तथा भोकमरी जसमा लाखौं मानिसको मृत्यु भएको थियो-यसमा केन्द्रीत रहेर अमर्त्य सेनको शोधको निष्कर्ष राज्यको व्यवस्थापन कलासंग सम्बन्धित छ। यस शोध वापत डा. सेनलाई नोवेल पुरष्कार दिईयो। उनको मान्य तर्क रहेको छ कि यदि राज्यले उचित व्यवस्थापन गर्न सक्यो भने प्राकृतिक भनिने कतिपय बिपदलाई हुनबाट रोक्न न सकिएपनि तेसबाट हुने मानवीय एवं भौतिक क्षतिलाई भने कम पार्न सकिन्छ। हालैको यौटा उदाहरण लिऊँ। भूकम्प बिनाशको समाचार फैलिना साथै दुबै छिमेकी मित्र राष्ट्र चीन र भारतले क्रमशः १० करोड र १६ करोड रूपिया बराबरको राहत सामाग्री नेपाल पठायो। यी सामाग्रीहरू नेपाललाई हस्तान्तरण भएको तस्वीरहरू संचार माध्यममा आयो। दुबै मित्र राष्ट्रका नेपाल स्थित दुताबासहरूले जनाए अनुसार राहत सामाग्रीको मुख्य अंश त्रिपाल, टेन्ट, कम्बल तथा आपतकालिन औषधीको छ। यी सामाग्रीहरू आज पर्यन्त जाजरकोट तथा बिपद् प्रभावित क्षेत्रमा पुर्याउन सकिएको छैन। आजैको समाचार पत्रहरूमा छापिएको छ कि तेस क्षेत्रका प्रभावित समुदायहरू यथोचित्त टेन्ट र कम्बल पाएका छैनन्, बढदो जाडोको सामना गर्नु परिरहेको छ। यस समाचारको गहिराईमा बिचार गर्दा सरकारको बितरण क्षमता अत्यन्त कमजोर एवं असक्षम रहेको बुझिन्छ। असक्षमताको यस पक्षलाई अनेकौ सन्दर्भहरूमा जान्न सकिन्छ। यो बडो महत्वपुर्ण कुरो हो। बंगालको अकाल एवं भोकमरीमा अमर्त्य सेनले बडो मिहिन रूपमा यस कुरोलाई उठाएका छन् कि खाद्यान्न हुदां हुदै पनि मानिसहरू भोकले, खान नपाएर लाखौंको संख्यामा मरे।

बि.स. २०४५, ०७२ को भूकम्पले पुर्याएको 'भौतिक क्षति'को बिवरण/तथ्यांक राज्य तथा नागरिक क्षेत्रमा उपलब्ध छ।अहिलेको भुकम्पको 'भौतिक क्षति' को बिवरण पनि सार्वजनिक हुदैछ। मानवीय क्षतिको लगभग बिवरण सार्वजनिक भै सकेको छ। यस तीन बटा भुकम्पबाट समाजका कुन बर्ग, अर्थात कस्तो आर्थिक हैसियतका जनता बढी प्रभावित भए ? नेपालको सुदूर पश्चिम क्षेत्र तथा भारतका उत्तराखण्ड, हिमाचल प्रदेश, कश्मीर, राजस्थान, पंजाब र दिल्ली आदि क्षेत्रलाई ठुलो नोक्सानी पुर्याउन सक्ने क्षमताको भुकम्प आउन सक्ने भूगर्भविदको प्राविधिक आंकलन बि.स. २०४५ पछि निरन्तर आई रहेको छ। यस सचेतताको कति प्रभाव हाम्रो निर्माण क्षेत्रमा परेको छ र? केही बर्ष अघिको, २०७२ को बिनाशले दिएको शिक्षा राज्य र जनता दुबैले बिर्सि सके।

यसर्थ, बिनाशको हकमा यस बिषय उपर छलफल हुनु जरूरी छ कि बढी बिनाशको एक मुख्य कारण गरिबी हो।

बिगत दुई भूकम्प पछि नजरअन्दाज गरिएपनि, यस पटक भने चर्चा गरौं कि भौतिक संरचनामा बढी क्षति भएर मानवीय क्षति बढनुमा भूकम्प र गरिबीका बीच के सम्बन्ध छ ?

## सम्पादकीय

# दिपावलीको प्रकाश फैलियोस्

धनदौलत, सुख, समृद्धिका लागि लक्ष्मीको पूजा गरिने दियोमा तेलका बत्तीबालेर उज्यालो बनाइने भएकाले यो उज्यालो पर्व वा दीपावली पनि हो । दिपावलीको सामाजिक महत्व पनि छ । यसले मानव र प्रकृतिको सम्बन्धलाई दर्शाउँछ । मानिसका सहयोगी पशुपक्षीको पूजा गरिनु विशिष्ट महत्व छ । दिपावली मनोरञ्जनको पर्व पनि हो । रमाइलो र पारिवारिक भेटघाटका रूपमा खुशीयाली र उमङ्गका साथ मनाइन्छ । मिठो खाने, शुभकामना आदानप्रदान गर्ने र रमाइलो गर्ने चाडकै रूपमा दिपावली पनि पर्छ ।

दिपावली प्रकाशको पर्व भएकोले यसपटकको तिहारले मधेशको विकास, समृद्धि, उन्नति तथा प्रगतिको पथमा सार्थक हुने विश्वास गर्न सकिन्छ । मूलत: मधेशमा अविकास, गरिबी, असमानता र विभेद उच्च छ । यसलाई सम्बोधन गर्न केन्द्र र प्रदेश सरकारको प्रभावकारी कार्यक्रमको आवश्यक्ता समथर भूभाग, यातायातको राम्रो सुविधा, भारतसँगको निकटता, उद्योग र व्यापारको केन्द्र भएका कारण राम्रो सम्भावना बोकेको छ ।

तर पनि यही क्षेत्रका केही जिल्ला र केही स्थानीय तहमा आर्थिक, सामाजिक र राजनीतिक पछौटेपन हुनु विगतका कार्यक्रमको असफलताको परिणाम हो । एउटा विचारणीय पक्ष के पनि छ भने मधेशका केही जिल्ला मुलुककै उच्च मानव विकास सूचकाङ्क र न्यून गरिबी भएका जिल्ला हुन् । मधेशमा बसोबास गर्ने केही जाति मुलुककै सबभन्दा समृद्ध जातिमा पर्छन् । विगतमा यही कुरालाई छुट्याउन नसक्दा विकासको फल लक्षित वर्गसम्म पुग्न नसकेको हो र जनताबीच आर्थिक, सामाजिक विकास स्तरमा ठूलो अन्तर सिर्जना भएको हो ।

दक्षिणमा रहेको समथर उर्वरभूमि, सडक पूर्वाधारको विकास, उद्योगधन्दाका हिसाबले समृद्ध क्षेत्र मानिए पनि यसले समग्र मधेश क्षेत्रमा समृद्धि पुग्न नसकेको यथार्थ हो । मुलुककै ठूला औद्योगिक र व्यापारिक सहर यही क्षेत्रमा छन् । यातायात, सञ्चारको विकास पनि राम्रो छ । तर पनि विकास केही क्षेत्र र समूहमा मात्रै सीमित छ । मधेशको दक्षिणवर्ती सीमा क्षेत्रमा पर्याप्त पूर्वाधारको विकास हुनसकेको छैन ।

खासगरी मधेश प्रदेशको यो क्षेत्र बढी पिछडिएको छ । साक्षरता दर, औसत आय, मानव विकास सूचकाङ्क ज्यादै कम छ र गरिबी निकै बढी छ । मध्य मधेशका जिल्लाको गरिबी झण्डै ४० प्रतिशत छ जुन मध्य तथा सुदूरपश्चिमका पहाडी तथा हिमाली क्षेत्रभन्दा केही कम मात्रै हो । बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा र सप्तरीमा बढी गरिबी छ । मानव विकास सूचकाङ्कमा पनि यिनै जिल्ला पछाडी छन् । महोत्तरी र रौतहट कर्णालीका जिल्लाकै हाराहारीमा छन् ।

त्यसैले अबका कार्यक्रमले वास्तविक लक्षित वर्ग पहिचान गर्नुपर्छ र वास्तविक समस्यालाई समाधान गर्नुपर्छ । राज्यको साधन स्रोत र सुविधा विगतको जस्तो सीमित टाठाबाठाले कब्जा गर्ने अवस्था आयो भने मधेशका आम नागरिकको जीवनस्तरमा सुधार ल्याउन सकिँदैन । अब मधेशमा सञ्चालन गर्ने कार्यक्रमको बजेट निकासा र खर्चलाई पारदर्शी र वस्तुनिष्ठ बनाउनुका साथै अधिकतम लाभ हुने क्षेत्रमा खर्च गरी पहिचान गरिएका वर्ग, समुदाय र क्षेत्रको जीवनस्तरमा सुधार ल्याउनुपर्छ । देश केन्द्रीकृत र एकीकृत राज्य प्रणालीबाट सङ्घीय प्रणालीमा गएको आठ वर्षभन्दा बढी भइसक्यो तर अधिकार र शक्ति सिंहदरबारले छोड्न चाहेको छैन । केन्द्रीय कर्मचारी नेतृत्व पनि सङ्घीयता कार्यान्वयनमा उदासिन नै रहेको आभास भएको छ ।

मधेशका नेताहरू निर्वाचन जितेपछि आफ्नो गाउँ ठाउँको विकास गरी सुविधा सम्पन्न बनाउनेतर्फ लाग्नु पर्छ । तर उनीहरू भन्दा आफू र आफ्नो परिवार समेत सुविधा सम्पन्न ठाउँमा बस्ने व्यवस्था मिलाउनमै तल्लीन रहेको देखिन्छ । यसले जनतामा राजनीतिप्रति नै वितृष्णा र अविश्वास पैदा गराएको छ ।

यस प्रवृत्तिमा वर्तमान राजनीतिक कार्यकर्ताहरूले समयमै सुधार नगर्ने हो भने जनताको राजनीतिप्रतिको अविश्वास चुलिँदै गएर राजनीतिक दुर्घटना निम्तन समेत सक्छ । अबको राजनीति कोरा नारा र भाषणमा मात्र सीमित रहनु हुन्न । मधेशको विकास र समृद्धिको बाटोमा डोऱ्याउनेतर्फ उद्यत रहनु पर्दछ । विकास र समृद्धिको नारा दिएर मात्र हुँदैन, त्यसलाई व्यवहारमा उतार्न सक्नु पर्दछ । त्यो नै आजको आवश्यक्ता हो ।

# भष्मासूरहरूको असत्यको सुशासन

**विचार-विश्लेषण** भाग-२००



उपेन्द्र झा

विद्यमान शासकहरुले देशको व्यवस्थापकीय प्रणाली यस्तो बनाएको छ कि यसमा यिनी तथा यिनका गुलामबाहेक कोही छिर्न पाउँदैन । नयाँ छिरेपनि शासकको गुलामी नगरि अरु केही गर्न सक्दैन । उनी पनि बाध्य भएर शासकहरुको गुलामी गरेर राज्य सुविधा भोग्न तयार हुन्छन् । नेपाली राजनीतिको यही बिडम्बना हो ।

कति सानो हाम्रो देश नेपाल र कति धेरै बेथिति हाम्रो देशमा ? हजारौंको बलिदान दिएर ल्याएको लोकतन्त्रबाट ३४ वर्षमा कति विकास भयो कि देश एशियाको पहिलो गरिब देशको रुपमा उभिएको छ । देश अहिले धार्मिक अतिवाद, जाति अतिवाद, उग्र राष्ट्रवाद, सामाजिक सद्भाव खलबल्याउने उग्र दक्षिणपंथी अतिवाद लगायत चरम मँहगी, अनावश्यक करको व्ययभार, चरम भ्रष्टाचार तथा दण्डहीनताले देश गिजोलिएको छ ।

तथाकथित भ्रष्टाचारको सुशासनमा राजनीतिकर्मी तथा सरकारी संयन्त्र सबै सक्रिय भएपछि यहाँ बेथितिको ताण्डव शुरु भयो । शक्ति प्राप्त गर्नेले राज्य गरेका इतिहास पढ्नेहरु जन अपेक्षा तथा देशहितका कुरा सबै बिर्सेर व्यक्तिगत स्वार्थको किला बनाउन सक्रिय भए । तीन दशकभन्दा बढि समय हुँदा पनि यिनी अघाएनन् । नैतिक पतनको चरम विन्दुसम्म पनि यिनमा चेत आएन । मिलेर खाने बुद्धि त आयो् तर मिलेर देशको लागि पनि केही गर्ने भन्ने ज्ञान पलाएन । आफूले चलाएको शासनलाई नै सुशासन नाम दिएकाहरु अहिले जनतामा अलोकप्रिय भएपनि लाज मानेका छैनन् । छल, कपट, जाल, फरेब, धोखा यी पंचतत्वले निर्माण गरेको नेपाली राजनीति जस्तो सुकै परिणाम दिएपनि यही मान्य रहने विद्यमान तीन दलको (नेपाली काँग्रेस, नेकपा एमाले र नेकपा माओवादी) अभीष्ट रहेको छ ।

उपरोक्त असामाजिक तत्वले गाँजेको हाम्रो समाज र राजनीति आफैमा यथास्थितिबाट बाहिर निस्कन छटपटाई रहेको राजनीतिकर्मीबाहेक सबैले अनुभव गरेको छ । वेथितीको पीडाले गिजोलिएको अनुसन्धान संयन्त्र, पाएको अधिकार प्रयोग गरि नक्कली भुटानी शरणार्थी प्रकरणमा गरेको अनुसन्धानमा गिरफ्तार भएका पूर्व गृहमन्त्रीहरु, बहालवाला सचिव तथा उच्च पदस्थ व्यक्तिहरुबाट देशको सिर मात्र निहँरिएन संसार सामू देश बदनाम भयो । अझै समातिन बाँकी शिखरका व्यक्तिहरुलाई जोगाउन तथा जेलमा रहेका मन्त्रीहरुलाई बाहिर निकाल्न सरकारी प्रयास जारी छ । नैतिक पतनको यो बाहेक अर्को दृष्टान्त के हुन सक्दछ ?

दोश्रो चरणको अनुसन्धानलाई सरकारले आफ्नो अनुकूल हुने गरि अगाडि बढाएको छ । यसबाट सबै भ्रष्टहरु जोगिने छन् तर राजनीतिक धरातलमा रहेको असन्तुष्टता विस्फोटको अवस्थामा पुग्ने सम्भावना पनि प्रवल छ । देशको विद्यमान संकटग्रस्त अवस्था दृष्टिगोचर नहुने र भ्रष्टाचारलाई नियन्त्रण गर्ने कुनै मनसाय नहुने दिग्भ्रमित राजनीतिकर्मीहरु जनताको कोपको भाजन हुने कुराप्रति किञ्चित पनि डर छैन । यिनले डराएर राजनीति पनि हुँदैन बुझेको छ ।

बेथितीले समाजमा अतिवादलाई जन्माएको छ । जसको परिणाम देशको अनेक कुनामा देखा परि रहेका छन् । सरकारको कमजोर पक्षले यसलाई नियन्त्रण गर्न सक्दैन । भ्रष्टहरुलाई जोगाउने रणनीति भएपनि सरकारले समाजभित्र उम्लि रहेको ज्वालामुखीलाई न शाँत गर्न न नियन्त्रण गर्न सक्षम छ । राज्यसत्तामा तस्कर र माफियाको साम्राज्य रहेको र सरकार यिनका गुलाम रहेको कुरा विकृत शासनको स्वरुपले स्पष्ट पारि रहेको छ ।

देशबाट भ्रष्टाचार र कुरीति जबसम्म निर्दयतापूर्वक अन्त गरिंदैन, देश उन्नति, प्रगतिको लयमा फर्किदैन । कमोवेश भ्रष्टाचारमा तीनवटै पार्टी सक्रियतापूर्वक संलग्न रहेकोले कसैले कसैमाथि कारवाही गर्न सक्दैन । तीन दशकदेखि सोमालियाले भोगी रहेको बेथिती, भ्रष्टाचार, लुटपाट, दण्डहीनताको विरुद्ध उठेको जनविद्रोहले आखिर त्यहाँका भ्रष्ट शासकहरुलाई तह लगाए जस्तै नेपालमा पनि भ्रष्टाचार विरुद्ध निष्पक्ष र निर्दयतापूर्वकको छानबीनको आवश्यकता छ । हुनत वर्गीय शासकको हित चिन्तक बुद्धिजीविहरु यी शासकहरुको विकल्प देख्दैन । भ्रष्टाचार गर्न जसरी यिनीहरु मिल्छन् त्यसरी नै यिनीहरु मिलेर देश बनाउने काममा जुटनु पर्दछ भन्छन ।

स्वार्थान्धतामा भास्सिएका राजनीतिकर्मीहरु सच्चिने ठाउँ नै छैन । भ्रष्टाचारमा जेल जाने मन्त्रीहरुको कारवाहीलाई बाँकी बचेका भ्रष्टाचारीहरुले राम्रो कदम मानेका छैनन् अर्थात् भ्रष्टाचार गर्नु उनीहरुको नैसर्गिक अधिकार हो बुझ्छन् । नैतिक पतनको पराकाष्ठामा पुगेका तीनबटै दल जेलमा परेकालाई बचाउन लागि परेका छन् । यिनीबाट देशको सुधार गर्ने विचार भ्रष्टाचारीहरुको मतियारका विचार हुन् जसले यसैमा टालटुले सुधार गरेर निरन्तरता दिन चाहन्छन् । यो असफल प्रयास हो ।

हो, लोकतन्त्रको विकल्प अरु कुनै तन्त्र हुन सक्दैन, यो सत्य हो । लोकतन्त्रको निहुँमा जनतालाई कष्ट दिने शक्तिको विकल्प खोज्नै पर्दछ । धेरै नयाँ तथा स्वच्छ छविका युवाहरु राष्ट्रिय राजनीतिमा उदाएका छन् । लोकतन्त्रलाई जनताको दैलोसम्म पुऱ्याउन जरुरी छ । लोकतन्त्रको मर्म अनुसार शासन चल्यो भने उसले स्वत: देशबाट बेथिती हटाएर सुशासन बहाल गर्छ । भ्रष्टाचारीहरुलाई कारवाहीको दायरामा ल्याउँछ । अनियमितता गरिएको अकूत सम्पत्ति राज्यकोषमा दाखिला हुन्छ । सुधारका लागि दृढ ईच्छाशक्ति चाहिन्छ जो यिनीहरुमा पाइन्न । त्यसका लागि वालेन शाह जस्तै स्वच्छ छविका युवाहरुको हातमा देशको नेतृत्व जान जरुरी छ ।

विद्यमान शासकहरुले देशको व्यवस्थापकीय प्रणाली यस्तो बनाएको छ कि यसमा यिनी तथा यिनका गुलामबाहेक कोही छिर्न पाउँदैन । नयाँ छिरेपनि शासकको गुलामी नगरि अरु केही गर्न सक्दैन । उनी पनि बाध्य भएर शासकहरुको गुलामी गरेर राज्य सुविधा भोग्न तयार हुन्छन् । नेपाली राजनीतिको यही बिडम्बना हो । यिनलाई थाहा छ, जनविद्रोह नै भयो भने भोलीका शासक पनि हामी नै हो । । संगठनात्मक शक्तिलाई कसैले विस्थापित गर्न सक्दैन । यिनी राम्ररी बुझ्छन् । त्यसकारण पनि जति सुकै गल्ती गरेपनि विकल्पमा कोही नभएपछि अहंकार रहि रहने स्पष्ट छ ।

विविधतायुक्त नेपाली सहिष्णु समाजिक संरचनालाई जसरी बिगारेर राजनीतिकर्मी अराजक अवस्था बनाएको छ र यसले यदि विद्रोह गऱ्यो भने राजनीतिमा देवत्व स्थान प्राप्त गर्ने राजनेताहरु नै शिकार बन्छन् । जन आक्रोश पनि यिनीहरु कै कारण समाजमा उम्लि रहेको छ । श्रीलंकाली सरकारको अवस्था नआउला भन्न सकिन्न । मजदूर र विद्यार्थीलाई धपाएर निष्कंटक राज्य गर्ने तीनै दलका राजनेताहरु जन आक्रोशको शिकार हुनेमा कुनै शंका छैन । समाजको आक्रोशित अवस्थाले परिवर्तन अवश्यम्भावी भएको छ । यसले कस्तो स्वरुप लिने यो समयले बताउला ।

janukjha24@gmail.com

# मधेश प्रदेशमा शिक्षा क्षेत्रका लागि संयुक्त प्रतिबद्धता पत्र




१. मधेश प्रदेश र अन्तर्गतका सवै स्थानीय तहहरुकोशिक्षा नीति तथा कानूनी प्रवन्ध समेतका आधारमा चालु आर्थिक वर्ष भित्रमा आवधिक शिक्षा योजना तर्जुमा गरी लागु गरिनेछ ।

२. विद्यालय शिक्षा क्षेत्रका मौजुदा समस्याहरु समाधानका लागि तिनै तहका सरकारहरुको समन्वय र सहकार्यमा न्यूनतम सिकाई वातावरण सुनिश्चित गर्दै प्रदेशले तय गरेको मानकका आधारमा विद्यार्थीहरुको सिकाई उपलब्धिलाई क्रमश: वृद्धि गर्दै लगिनेछ ।

३. औपचारिक तथा अनौपचारिक शिक्षाका कार्यक्रमहरुमार्फत् विद्यालय उमेरका सबै बालवालिकाहरुको विद्यालय शिक्षामा पहुँच सुनिश्चित गर्दै आगामी २ वर्ष भित्रमा प्रदेशका विद्यालय उमेर समूहका कुनै पनि वालवालिका विधालय बाहिर नभएको घोषणा गरिनेछ ।

४. संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा साक्षरता अभियान मार्फत् चालू आर्थिक वर्ष भित्रमा यस प्रदेशका सबै स्थानीय तहहरूले आफ्नो पालिका साक्षर भएको घोषणा गर्नुपर्नेछ ।

५. प्रदेशका सबै बालवालिकाहरुलाई गुणस्तरीय शिक्षाको अवसर प्रदान गर्न प्रदेश तथा स्थानीय तहहरुद्वारा शिक्षा क्षेत्रमा कम्तिमा १५ प्रतिशत बजेट विनियोजन गर्नुपर्नेछ ।

६. शिक्षकको नेतृत्व क्षमता र पेशागत विकास मार्फत शिक्षण सिकाई क्रियाकलापलाई सूचना प्रविधिमा आधारित एक्काइसौं शताब्दी अनुकूल वनाउन सम्बन्धित पालिका जिम्मेवार हुनुपर्नेछ ।

७. संघ सरकारको समन्वय र सहजीकरणमा विद्यार्थी संख्या र विषयगत आवश्यकताका आधारमा सम्वन्धित पालिकाले विदयालय नक्साङ्कन गरी समायोजन र शिक्षक दरबन्दी मिलान गर्नुपर्नेछ ।

८. सम्वन्धित विधालयका शिक्षकले विधार्थीको निरन्तर मूल्याङ्कनलाई शिक्षण सिकाई क्रियाकलाप सुधारको अभिन्न औजार मानी विद्यालयको परीक्षा प्रणालीमा क्रमश: सुधार गर्नुपर्नेछ ।

९. संघ, प्रदेश र स्थानिय तहको समन्वय र सहकार्यमा विद्यालय शान्ति क्षेत्रलाई आत्मसात गर्दै समग्र शैक्षिक प्रणालीमा सुशासन र दीगोपना कायम गर्दै लगिनेछ ।

१०. प्रदेश सरकारले उल्लेखित कार्यहरुमा समन्वय र सहजीकरण गर्नेछ ।

२०८० कार्तिक २० गते

# प्रधानमन्त्रीलाई मधेश सरकारको ३० दिने अल्टिमेटमसहित ध्यानाकर्षण पत्र



सम्माननीय प्रधानमन्त्रीज्यू
सिंहदरवार, काठमाडौं ।
विषय: ध्यानाकर्षण पत्र ।

सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, स्थायित्व, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने मुख्य ध्येयका साथ संविधान सभाबाट पारित भएको संविधान निर्माण भएको आठ वर्ष बिति सक्दा पनि प्रदेश सरकारले संविधानको एकल सूचीमा परेको विषयमा आफ्नो अधिकार प्रयोग गर्न नपाएको कारणले प्रदेशको शान्ति सुरक्षा, सुशासन र प्रशासनमा प्रदेशको एकल अधिकार सूचि लगायतका विषयहरु कार्यान्वयनमा समस्या उत्पन्न भएको व्यहोरा सम्माननीय प्रधानमन्त्रीज्यूलाई विदित नै छ । संविधानको प्रस्तावनाद्वारा नै स्वीकार्य गरी सकेको "केन्द्रीकृत र अधिकार एकात्मक राज्यव्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको"अभ्यास र सञ्चालनमा सम्माननीय प्रधानमन्त्रीज्यूले प्रदेशलाई अधिकार सम्पन्न बनाउन र संघीयतालाई प्रभावकारीरुपमा लागू गर्नको लागि सार्वजनिक प्रतिबद्धता समेत व्यक्त भै रहेको विशेष अवस्था समेतलाई ह्दयङ्गम गर्दै संविधानले परिकल्पना गरे अनुसारको शासन व्यवस्था संचालन हुनका लागि नेपाल सरकारको नेतृत्वदायी भूमिकामा रहनुभएका सम्माननीय प्रधानमन्त्रीज्यूबाट अविलम्व परिणाममुखी दिशा निर्देशका लागि निम्न  विषयहरुमा ध्यानाकर्षणका लागि अनुरोध गर्दछौ ।

१. प्रदेश प्रहरीको सम्बन्धमा: प्रहरी समायोजन ऐन संघीय संसदबाट पारित भएर २०७६ साल माघ २८ गतेमा प्रमाणीकरण भैसक्दा पनि संविधानको अनुसुचि ६ बमोजिम नेपाल सरकारले प्रदेशलाई हस्तान्तरण गर्नुपर्ने प्रहरी प्रशासन, कर्मचारी तथा संरचनाहरुको हस्तान्तरण हुनसकेको छैन । जसले गर्दा संविधानले प्रदान गरेको शान्ति सुरक्षाजस्ता प्रदेशको एकल अधिकारको विषय भावकारी कार्यान्वयन हुन सकेको छैन । अत: संघीय संसदले नै पारित गरि सकेको ऐनको भावनाअनुसार अविलम्व प्रदेश प्रहरी  एवम् प्रमुख जिल्ला अधिकारीलाई प्रदेश सरकार मातहत ल्याउन  समायोजनका लागि आवश्यक निर्देशन र सहजीकरणको लागि सम्माननीय प्रधानमन्त्रीज्यूलाई ध्यानाकर्षण गराउन चाहन्छौ ।

२. संघीय निजामती सेवा ऐनको सम्बन्धमा: संघीय निजामती सेवा ऐन बन्न नसक्दा प्रदेशले जनतालाई प्रभावकारी सेवा दिनका लागि कर्मचारीहरुलाई सरकारी कामकाजमा खटाउन नसकि विभिन्न समस्याको सामना गर्दैआएको विदितै छ । अत: प्रदेशमा खटिने सचिवलाई प्रदेश सरकारको मातहतमा रहनेगरी र स्थानीय तहहरुमा खटिने प्रशासकीय अधिकृतहरुलाई प्रदेश सरकार मातहतमा रहनेगरी कर्मचारी खटाउन पाउने अधिकारसहित सो संघीय निजामति सेवा ऐन तत्काल संघीय संसदबाट पारित गर्न वा तत्काल पारीत हुन नसक्ने अवस्था भए नागरिकको प्रभावकारी सेवा पाउने अधिकारलाई ध्यानमा राख्दै तत्कालको आवश्यक्तालाई सम्वोधन गर्न अध्यादेश मार्फत भए पनि तद्नुरुप सम्वोधनको लागि ध्यानाकर्षण गराउदछौं ।

३. सार्वजनिक जग्गाको प्रयोगको सम्बन्धमा: प्रदेश सरकारबाट आफ्नो सेवा संचालनका लागि सरकारी तथा सार्वजनिक जग्गाको उपभोग, प्रयोग गर्नु पर्ने भएको र वर्तमानमा भै रहेको कानूनी व्यवस्था तथा नीतिगत निर्णयहरुबाट अहिलेको विद्यमान अवस्था अन्तर्गत सार्वजनिक पर्ती, ऐलानी, वन क्षेत्र भित्र रहेको जग्गा भुमि आयोगले दर्ता गर्ने कार्य र प्रदेश भित्र रहेको सागरनाथ वन परियोजना समेत प्रदेश वन मन्त्रालय अन्तर्गत राखि अन्य सरकारी जग्गाहरुको प्रयोग, उपभोग, समुचित व्यवस्थापन र भूमि व्यवस्थापनको अभिलेख राख्न नापी कार्यालय र भूमि प्रशासन कार्यालय प्रदेश अन्तर्गत नरहेको साथै प्रदेश सरकारले जग्गा लीजमा दिन प्रदेश मन्त्रिपरिषदलाई अधिकार नरहदा हालको समयमा पनि भुमि व्यवस्थापनमा एकात्मक शासन व्यवस्थाले नै निरन्तरता पाइरहेको हुँदा यी अधिकारहरु संघीय शासन व्यवस्थाको अभ्यासका लागि अविलम्व प्रदेश मन्त्रीपरिषदमा अधिकार हस्तान्तरण हुनको लागि आवश्यक कानूनमा संशोधन, नीतिगत निर्णयहरुमा परिवर्तन हुनका लागि सम्माननीयज्यूको ध्यानाकर्षण गराउदछौं ।

४. गुठी जग्गाको सम्बन्धमा: संविधानको अनुसूची ६ को क्रम संख्या २१ अनुसार गुठी व्यवस्थापनको जिम्मा प्रदेशको एकल अधिकार रहेको विदितै छ । मधेश प्रदेशको विविधता मध्येको एक धार्मिक मठमन्दिर, पोखरी, गुठी पनि एक हो । मधेशमा थुप्रै जग्गा तथा सम्पतिहरु गुठी मातहत रहेको छ र ती जग्गा तथा सम्पत्तिहरुको उचित व्यवस्थापन हुन नसकेको, अतिक्रमण हुने गरेको खबरहरु संचार माध्यमबाट प्राय: जसो नियमित रुपमै आउने गरेको बारेमा पनि सम्माननीय ज्यूलाइ अवगत नै छ । संविधानको अनुसूची ६ को क्रम संख्या २१ मार्फत प्रदेशको एकल अधिकारको रुपमा गुठी व्यस्थापन संघीय सरकारको यथोचित प्रयास नभएको कारण प्रदेशले गुठी जग्गा सम्बन्धी व्यवस्थापनमा आफ्नो अधिकार प्रयोग गर्न नपाउने अवस्थाको श्रृजना भई संवैधानिक दायित्वको पालना र निर्वाह गर्न सकिरहेका छैनौ । अत: प्रदेशको एकल अधिकारको रुपमा रहेको गुठी व्यवस्थापनको सम्बन्धमा अविलम्ब आवश्यक कानूनहरुमा संशोधनका लागि सम्माननीय प्रधानमन्त्रीज्यूको ध्यानाकर्षण गराउदछौं ।

५. अर्थ सम्बन्धी
अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ को उपदफा (२) बमोजिम प्राप्त हुने मुल्य अभिवृद्धि कर र अन्त: शुल्क करबाट उठेका राजश्वमा नेपाल सरकारले सत्तरी प्रतिशत र प्रदेश सरकार तथा स्थानीय तहलाई १५/१५ प्रतिशत वाँडफाँट गरिने गैर न्यायिक वितरण प्रणालीलाई पुनरावलोकन गरी संघीय सरकारले ५० प्रतिशत, प्रदेश सरकारलाई ३० प्रतिशत, स्थानीय सरकारलाई २० प्रतिशत गर्ने गरी कानुनमा संशोधन गरी व्यवस्थापन हुन अनुरोध गर्दछौ ।

राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले संघ, प्रदेश र स्थानीय तहलाई राजश्व बाँडफाँट र अनुदान वितरण गर्ने प्रणालीमा जनसंख्या र मानव विकास सूचाङकलाई प्रमुख आधार तथा मापदण्ड बनाई राजश्व बाँडफाँट तथा अनुदान वितरण गर्नका लागि आवश्यक व्यवस्था मिलाउन गंभीर ध्यानाकर्षणको लागि अनुरोध गर्दछौ ।

६. अभियोजनसम्बन्धमा: प्रदेशको एकल सूचीमा रहेको विषयमा बनेका कानूनहरुले गर्ने दण्ड र कैदसम्बन्धी व्यवस्था गरेको भए पनि संधीय स्तरबाट अभियोजनको लागि प्रदेशलाई अभियोजनको अधिकार दिनेगरी आवश्यक  कानूनमा संशोधन गर्न सहजीकरण नभएकाले प्रदेशबाट निर्मीत कानूनहरुको कार्यान्वयनमा पनि जटिलता उत्पन्न भएकोले प्रदेशलाई अभियोजन सम्बन्धी अधिकारको प्रयोगका लागि उचित व्यवस्थापन हुनका लागि पनि ध्यानाकार्षण गराउन चाहन्छौ ।

अन्त्यमा, सम्माननीय प्रधानमन्त्रीज्यूबाट यी विषयहरुका तत्काल सम्वोधन हुने गरि प्रकृया अगाडी बढाइ दिइ सम्माननीयज्यूबाट पनि प्रदेशलाई अधिकार सम्पन्न बनाउन र संघीयतालाई प्रभावकारीरुपमा लागू गर्नको लागि सार्वजनिक रुपमा व्यक्त हुदै आएको प्रतिबद्धताको कार्यान्वयन हुनका लागि अनुरोध गर्दछौ ।

यी बुंदाहरु कार्यान्वयन नभए ३० दिन पछि हामी संघर्षको कार्यक्रम तय गर्न बाध्य हुनेछौ ।

सरोज कुमार यादव
मुख्यमन्त्री एवम् जसपा संसदीय दलका नेता

सरोज कुमार यादव- नेकपा एमाले, संसदीय दलका नेता

कृष्ण प्रसाद यादव- मन्त्री,भौतिक पूर्वाधार विकास मन्त्रालय एवम् नेपाली कांग्रेस, संसदीय दलका नेता

महेश प्रसाद यादव- मन्त्री, शिक्षा तथा संस्कृति मन्त्रालय एवम् जनमत पार्टी, संसदीय दलका नेता

अभिराम शर्मा-लोसपा, संसदीय दलका नेता

भरत साह-नेकपा माओवादी केन्द्र, संसदीय दलका नेता

गोविन्द बहादुर न्यौपाने- मन्त्री, भुमि व्यवस्था, कृषि तथा सहकारि मन्त्रालय एवम् एकीकृत समाजवादी, संसदीय दलका नेता

कंचन विच्छा-राप्रपा, संसदीय दलका नेता

संजय कुमार यादव- मन्त्री, अर्थ मन्त्रालय

सुरिता कुमारी साह- मन्त्री, खेलकूद तथा समाज कल्याण मन्त्रालय

विरेन्द्र प्रसाद सिंह- मन्त्री, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

सिंगासन सा कलवार-मन्त्री, उर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालय

रमेश प्रसाद कुर्मी-मन्त्री, वन तथा वातावरण मन्त्रालय

मोहम्मद समिम-मन्त्री, गृह, संचार तथा कानून मन्त्रालय

सुनिता यादव-मन्त्री, उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय

चन्दन कुमार सिंह-मन्त्री, श्रम तथा यातायात मन्त्रालय
शेख अबुल कलाम अजाद-राज्यमन्त्री, उर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालय
रहबर अन्सारी-राज्यमन्त्री, उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय
नागेन्द्र साह-नेपाली कांग्रेस
युवराज भट्टराई-नेकपा माओवादी केन्द्र (उपनेता)
रानी कुमारी तिवारी-लोसपा नेपाल
२०८०।०७।२३ गते

# आरतीको परिवारलाई न्यायका लागि पहल गरिदिन मानवअधिकार आयोगलाई ज्ञापन

काठमाडौं । आम जनता पार्टी (आजपा)ले आरती साहको परिवारलाई न्याय दिलाउँनका लागि राष्ट्रिय मानव अधिकार आयोगलाई पहल गरिदिन भन्दै ज्ञापनपत्र बुझाएको छ ।

आजपा उपाध्यक्ष एवं सभासद तिकल थापाको नेतृत्वमा रहेको टोलीले हरिहर भवन, पुल्चोक ललितपुर स्थित कार्यालयमा बिहीबार पुगेर आयोगका अध्यक्ष तमबहादुर मगरलाई ज्ञापनपत्र बुझाएको हो ।

न्यायको माग गर्दै विगत १४७ दिनदेखि आरती साहका बुवा विनोदप्रसाद साहको परिवारले काठमाडौंको माईतीघरमा धर्ना बस्दै आएको छ । तर सरकारले उनीहरुको माग सुनुवाई नगरेपछि आजपाले आवाज उठाउँदै आएको छ । संघर्षरत पीडित परिवारको मागप्रति ऐक्यबद्धता जनाउदै आजपाले निरन्तर सरकारको गम्भीर ध्यानाकर्षण गराउदै आएकोछ । आजपा अध्यक्ष प्रभु साह संसददेखी सडक सम्म आवाज उठाउँदै आएका छन् । बुधबार आजपा अध्यक्ष आफै माईतीघरमा पुगेर धर्नामा बसेका थिए । संसदमा समेत उनले यस बारेमा पटक पटक आवाज उठाउँदै पीडित परिवारलाई न्याय दिनुपर्ने भन्दै सरकारसंग माग गर्दै आएका छन् ।

आजपा केन्द्रीय सदस्य एवं कार्यालय सचिव बालकृष्ण सापकोटाले न्यायको माग गर्दै संघर्ष गरिरहेको विनोदको परिवारलाई न्याय दिनमा ढिलाई गर्न नहुने बताए । आजपा विनोदको परिवारको आन्दोलनमा ऐक्यबद्धता सहित उनीहरुको माग पुराहोस भन्दै पहल गर्दै आएको सापकोटाले बताए । मानव अधिकार आयोगमा ज्ञापनपत्र बुझाउँन पुगेको टोलीमा रहेका सापकोटाले आयोगका अध्यक्ष मगरले आफूहरुले विनोदको परिवारलाई न्याय दिलाउँन पहल गर्ने प्रतिबद्धता व्यक्त गरेको बताए ।

'गतजेठको ७ गते साँझ ६:३० बजेतिर धनुषा जिल्लाको नगराइन नगरपालिका, ८ का विनोदप्रसाद साहकी छोरी आरती साहको मृत्यु प्रकरणमा धनुषा प्रहरीको भूमिका भने निकै शंकास्पद देखिएको छ । सुरुमा जाहेरी दर्ता नै गर्न नमानेको प्रहरीले जिल्ला प्रहरी कार्यालय अगाडि शव राखेर आन्दोलन गरेपछि मात्र कर्तव्य ज्यानको जाहेरी लिएर अनुसन्धान थाल्यो । तर, घटनाको २२ दिनसम्म प्रहरीले आरतीको माइतीपक्षलाई बोलाएन् । माइतीपक्षको भनाइ नै नराखी प्रहरीले एकाएक रायसहितको प्रतिवेदन जिल्ला सरकारी वकिलको कार्यालय धनुषामा पठायो' आजपाले आयोगमा बुझाएको ज्ञापनपत्रमा उल्लेख गरिएको छ ।

धनुषाका जिल्ला न्यायाधिवक्ता सुदीप दंगालले माइतीपक्षको भनाइ समेत समावेश गरेर ल्याउन भन्दै रायसहितको प्रतिवेदन फिर्ता पठाएको थियो । त्यसपछि बाध्य बनेको प्रहरीले गत ९ जेठको मात्रै आरतीको माइतीपक्षलाई कागजका लागि बोलायो । माइतीपक्षले आफूले भनेको जस्तो बेहोरा लेख्न र पहिलो जाहेरीमा ६ बजे हत्या गरेको उल्लेख गरेका कारण त्यसलाई सच्याएर शनिबार राति नै हत्या गरी आइतबार साँझ मात्रै खबर गरिएको बेहोरा लेख्न प्रहरीलाई भन्यो । प्रहरीले जाहेरीमा भएको बेहोरा सच्याउन नमिल्ने जवाफ दियो । कागज गर्न बोलाइए पनि पहिले नै तयार पारेको कागजमा हस्ताक्षर गर्न लगाएपछि प्रतिकार गरेको पीडित परिवारको भनाइ छ ।

साहको हत्यामा संलग्नलाई कारबाहीको माग गर्दै आन्दोलन गर्दा प्रहरीले उल्टै पीडित परिवारमाथि ज्यादती गरेको भन्दै मृतक आरतीको माइतीपक्षले असार १ रातिदेखि काठमाडौँको बबरमहलस्थित माइतीघर मण्डलामा धर्ना दिएका छन् । मृतक साहको हत्या र पीडित परिवार माथि भएको प्रहरी यातनाको निश्पच्क्ष न्यायिक छानविन गरी दोषीलाई कारवाही गर्नुको सट्टा सरकार पक्षबाट उल्टै हामी पिडित परिवारलाई निरन्तर दवाब तथा यातना दिदै आएको आरतीका बुवा विनोदको भनाई रहेको छ । न्यायको लागि पीडित परिवारले धर्ना बसिरहेकै बेला असोज २४ गते राती करिब १० बजे तिर ४ जनाको अज्ञात समूहले संघातिक हमला समेत गरेको थियो ।

सांघातिक हमलाको छानबीन गर्नुको सट्टा नेपाल प्रहरीले पीडित परिवारलाई नै असोज २७ बिहान ८ बजेतिर समातेर प्रहरी हिरासतमा लग्यो । शान्तिपूर्ण धर्नामा बसिरहेको पीडितलाई लछार पछार, गालीगलौज तथा कुटपिट गर्दै अनामनगर प्रहरी हिरासतमा थुन्यो । त्यसपछी बाध्य भएर पीडित परिवार प्रहरी अत्याचारको विरुद्ध अनामनगर हिरासत भित्रै अन्शन शुरु गरे । त्यहाँ पनि प्रहरी हिरासत भित्र बस्दा आफन्त, वकिल, पत्रकारसँग समेत भेट्न नदिइ कठोर यातना भोगीरहेकै अवस्थामा प्रहरीले वीर अस्पतालमा पुर्यायो । अझ अस्पतालमा उपचार गराउनुको सट्टा अस्पतालको गेटमा बेबारिसे छोडेर गए जहाँ पीडितहरु बाध्य भइ अस्पतालको गेटमा समेत अनसन बस्नु परेको थियो ।

# भारत सरकारको अनुदान सहयोगमा निर्मित बर्थिङ्ग सेन्टर हस्तान्तरण



काठमाडौं । नेपालमा सञ्चालित उच्च प्रभाव सामुदायिक विकास परियोजनाको सफल कार्यान्वयनको २० वर्ष पुगेको उपलक्ष्यमा भारतीय राजदूतावासले भारत सरकारको अनुदान सहयोगमा त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा निर्मित मंगलादेवी बर्थिङ (प्रसुति) सेन्टर त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालका प्रतिनिधिहरुलाई हस्तान्तरण गरेको छ । नेपाल सरकारका अर्थमन्त्री डा. प्रकाशशरण महत, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री अनिता देवी तथा नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले संयुक्त रुपमा उक्त बर्थिङ सेन्टर हस्तान्तरण गरेका हुन् ।

उक्त समारोहमा राजनीतिक प्रतिनिधि, नेपाल सरकारका अधिकारी, समाजसेवी तथा स्थानीय समुदायका अगुवाहरुको पनि सहभागीता रहेको थियो ।

सोही अवसरमा भारतीय अनुदान सहयोग अन्तर्गत नेपालका बैतडी र मुस्ताङ्ग जिल्लामा कूल अनुमानित लागत नेरु. १३ करोड लाग्ने थप तीनवटा उच्च प्रभाव सामुदायिक विकास परियोजनाको निर्माणका लागि सम्झौतापत्रमा हस्ताक्षर गरिएको छ ।

त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल नेपालकै प्रतिष्ठित चिकित्सा संस्थामध्ये एक हो । नेपाल-भारत विकास सहकार्य ढाँचा अन्तर्गत उच्च प्रभाव सामुदायिक विकास परियोजनाको रुपमा भारत सरकारको आर्थिक सहयोग नेरु. ४.४०४ करोड लागतमा त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा मंगलादेवी बर्थिङ सेन्टरको निर्माण गरिएको हो ।

कोभिड-१९ महामारीको समय ताका र यस अस्पतालका विभिन्न विभागलाई २ थान ४० केभीए डिजल जेनेरेटर, ५ वटा बस र २ वटा एम्बुलेन्स उपलब्ध गराइएको छ जसमध्ये एउटा एम्बुलेन्समा एडभान्स लाइफ सर्पोटको सुविधा रहेको छ । त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालका प्रतिनिधिहरुले यो बर्थिङ सेन्टर नर्सद्वारा रेखदेख गरिने बताए ।

नेपालका अन्य क्षेत्रमा कार्यान्वयनका लागि यो बर्थिङ सेन्टर नमुना बर्थिङ सेन्टरको रुपमा काम गर्न सक्ने बताउँदै उनीहरुले यसले मातृ मृत्युदर घटाउन मद्दत पुर्याउने बताए ।

स्थानीय तहमा कार्यरत नेपाली संस्थामार्फत भारतको अनुदान सहयोगमा साना विकास परियोजनाको कार्यान्वयन गर्न नेपाल सरकार र भारत सरकारबीचको द्विपक्षीय सम्झौतामार्फत वि.सं २०६० कार्तिक २१ गते उच्च प्रभाव सामुदायिक विकास परियोजनाको सुरुवात गरिएको थियो जसलाई पहिले साना विकास परियोजनाको नामले चिनिन्थ्यो ।

यी परियोजनाहरु नेपालसँगको विकास साझेदारीको नवीन एवम् महत्वपूर्ण अंशको रुपमा रहेको छ । नेपाल सरकारको प्राथमिकतामा रहेका क्षेत्रहरुमा पूर्वाधार निर्माण गरी नेपालका भुँइतहका मानिसहरुको जीवनस्तर सुधार्न यी परियोजनाहरुको कार्यान्वयन गरिएको हो । कार्यक्रममा बोल्दै राजदूत श्रीवास्तवले विगत बीस वर्षमा उच्च प्रभाव सामुदायिक विकास परियोजना कार्यान्वयनको यो यात्रा निकै सफल रहेको बताए ।

सन् २००३ यता शिक्षा, स्वास्थ्य, सडक तथा पुल, नदी प्रशिक्षण, खानेपानी, विद्युत, सिंचाइ, संस्कृति, समाज कल्याण जस्ता विविध क्षेत्रमा करिब ५५० वटा परियोजना यस ढाँचा अन्तर्गत अघि बढेकोमा सन्तोष व्यक्त गर्दै राजदूत श्रीवास्तवले यसले मानिसहरुको जीवनमा प्रत्यक्ष प्रभाव पारेको बताए ।

यीमध्ये ४८० वटा परियोजनाहरु सम्पन्न भइसकेका छन् भने बाँकी निर्माणाधीन अवस्थामा रहेका छन् । विगत बीस वर्षको अवधिमा नेपाल-भारत विकास सहकार्य अन्तर्गत नेपालमा हरेक पन्ध्र दिनमा एकभन्दा बढी नयाँ परियोजना वा हरेक वर्ष २७ वटा भन्दा बढी परियोजना कार्यान्वयन हुने गरेको छ ।

राजदूत श्रीवास्तवले नेपाल सरकारको सहयोगका लागि धन्यवाद व्यक्त गर्दै भविष्यमा उच्च प्रभाव सामुदायिक विकास परियोजनाको कार्यान्वयनलाई अझ व्यापक र सुदृढ बनाउने प्रतिबद्धता जाहेर गरे । यी उच्च प्रभाव सामुदायिक विकास परियोजनाले विविध क्षेत्रलाई समेट्नुका साथै नेपालको थुप्रै ठाउँमा फैलिएको छ । नेपालका सबै प्रदेशमा उच्च प्रभाव सामुदायिक विकास परियोजनालाई अघि बढाइएको छ । कोशी प्रदेशमा ८४ वटा परियोजना, मधेस प्रदेशमा ८१ वटा परियोजना, बाग्मती प्रदेशमा १०५ वटा परियोजना, गण्डकी प्रदेशमा ६१ वटा परियोजना, लुम्बिनी प्रदेशमा ६० वटा परियोजना, कर्णाली प्रदेशमा १४ वटा परियोजना र सुदूरपश्चिम प्रदेशमा ४१ वटा परियोजनाहरु सञ्चालित छन् । यी परियोजनाहरु एकभन्दा बढी प्रदेशमा फैलिएका १०७ वटा परियोजना बाहेकका हुन् ।

अर्थमन्त्री महतले नेपालमा विकास पूर्वाधार निर्माणमा निरन्तर सहयोग गरेकोमा भारतलाई धन्यवाद व्यक्त गरे । उनले उच्च प्रभाव सामुदायिक विकास परियोजना भारत र नेपालबीचको विकास साझेदारीको आधारशिला भएको बताए । नेपाली जनताको जीविकोपार्जनमा प्रभाव पार्ने यी परियोजनाको कार्यान्वयनका लागि नेपाल सरकारको पूर्ण सहयोग रहने अर्थमन्त्री महतले सुनिश्चितता दिलाए ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्रीमती अनिता देवीले यस्ता परियोजनाको मुख्य पक्ष भनेकै छोटो समयमा निर्माण सम्पन्न भई प्रतिफल दिने र स्थानीय तहको आर्थिक विकासमा यसले खेल्ने भूमिका रहेको बताइन् । उनले पनि भारतको सहयोगका लागि धन्यवाद व्यक्त गरिन् । उनले उच्च प्रभाव सामुदायिक विकास परियोजना भलै आकारमा सानो भए पनि आम नेपाली जनताको जीवनमा ठूलो प्रभाव पारेको र समुदायमा परिवर्तन ल्याएकोले यसलाई उच्च प्रभावकारी परियोजना भन्न उपयुक्त हुने बताइन् ।

त्यस्तै, प्रत्येक वर्ष भारतको स्वतन्त्रता दिवस र गणतन्त्र दिवसको उपलक्ष्यमा भारत सरकारले स्वास्थ्य र शिक्षाको क्षेत्रमा काम गर्ने विभिन्न संस्थाहरुलाई एम्बुलेन्स तथा स्कुल बस उपहारस्वरुप प्रदान गर्दै आएको छ । हालसम्म नेपालका विभिन्न भागका लाभार्थीहरुलाई ९७४ वटा एम्बुलेन्स र २३४ वटा स्कुल बस उपहारस्वरुप प्रदान गरिएको छ ।

प्रत्येक हप्ता एउटा एम्बुलेन्स र प्रत्येक महिना एउटा बस उपहारस्वरुप प्रदान गरिन्छ । यी सेवाले स्वास्थ्य र शिक्षाको क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याएको छ । यो पहलले नेपालका दुर्गम क्षेत्रमा बसोबास गर्ने भुँइतहका मानिसहरुलाई समेत जोडेको छ ।

कार्यक्रममा उच्च प्रभाव सामुदायिक विकास परियोजनाको कार्यान्वयनको विगत बीस वर्षको यात्रालाई चित्रण गर्ने छोटो भिडियो पनि देखाइएको थियो ।


## सूचना ! सूचना !! सूचना !!!

बिरुवा तथा बिरुवाजन्य उपजको निकासी पैठारी र ओसारपसार गर्दा शत्रुजीवको प्रवेश, स्थापना र फैलावट रोक्न, तिनीहरुको प्रभावकारी नियन्त्रणको लागि उपयुक्त तरिकाहरु अवलम्बन गरी राष्ट्रिय जैविक सुरक्षाका जोखिमहरुको न्यूनीकरण गर्दै स्वस्थ बिरुवा र बिरुवाजन्य उपजहरुको व्यापार प्रवर्धन गर्न नेपाल सरकारले बिरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन, २०६४ तथा बिरुवा संरक्षण नियमावली, २०६६ जारी गरी कार्यान्वयनमा ल्याएको छ । बिरुवा जन्य वस्तुहरुको पैठारी गर्दा प्रवेश अनुमति पत्र लिई कानुनी प्रकृया पुर्याएर मात्र पैठारी गर्न र निकासी गर्दा बिरुवा स्वस्थता प्रमाणिकरण गराएर मात्र निकासी गर्न सम्बन्धित सबैमा अनुरोध छ । यो ऐन तथा नियमावली विपरित प्रकृया नपुर्याई कन्साइनमेन्ट पैठारी गरेमा सम्बन्धित देशमा फिर्ता पठाउने वा नष्ट गर्नुका साथै कसुर हेरी रु दश हजार देखि एक लाख पचास हजार सम्म दण्ड जरिवाना गर्न सकिने व्यवस्था समेत रहेको छ । जिम्मेवार नागरिक बनौं र देशको जैविक सुरक्षामा योगदान गरौं ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्र**
हरिहरभवन, ललितपुर


## मधेश अपडेट

### मधेश विश्वविद्यालयमा कक्षा सञ्चालन हुँदै

वीरगन्ज । मधेश विश्वविद्यालयले कानुन र जनप्रशासन संकायमा भर्ना भएका विद्यार्थीका लागि अनुशिक्षण कक्षा सञ्चालन गरेको छ । स्थापना भएको पहिलो एक वर्षमै विश्वविद्यालयले आगामी मङ्सिर ११ गतेदेखि कानुन सङ्कायतर्फ बीएएलएलबी र जनप्रशासन सङ्कायको पठनपाठन सुरु गर्न लागेको छ । यसका लागि प्रवेश परीक्षामार्फत कानुन सङ्काय बीएएलएलबीमा भर्ना भएका एक सय १० र जनप्रशासन सङ्कायका ५५  विद्यार्थीका लागि विश्वविद्यालयले तीन दिने अनुशिक्षण कक्षा सञ्चालन गरेको हो । विश्वविद्यालयमै सञ्चालित अनुशिक्षण कक्षामा विश्वविद्यालयका उपकुलपति दीपक शाक्य, रजिष्ट्रार विजयकुमार यादवले विश्वविद्यालयको अवस्था र भावी कार्ययोजनाबारे प्रशिक्षण दिएका छन् । यस्तै पर्सा जिल्ला अदालतका न्यायाधीश रामप्रसाद शर्मा र जिल्ला सरकारी वकिल कार्यालय पर्साका सह न्यायाधिवक्ता रामकुमार थापाले कानुन तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनसम्बन्धी प्रशिक्षण दिएका थिए । विद्यालयलाई सुष्मा श्रेष्ठ, वासुदेवलाल कर्ण र अरविन्द श्रेष्ठले विश्वविद्यालयको आचरण र विद्यालयले परिपालना गर्नुपर्ने विषयमा सहजीकरण गर्नुभयो भने शैक्षिक क्रियाकलाप तथा विश्वविद्यालयको अनुशासनसम्बन्धी विश्वविद्यालयका कानुन तथा जनप्रशासन सङ्कायका डीन डा मानबहादुर विश्वकर्माले सहजीकरण गरेका थिए ।

### मानवसेवा आश्रममा आश्रित परिवारलाई न्यानो कपडा वितरण

मोरङ । नेपाल प्रहरी श्रीमती संघ कोशी प्रदेशले बिराटनगर महानगरपालिका-१० स्थित मानवसेवा आश्रममा आश्रित परिवारहरुलाई न्यानो कपडा बितरण गरेको छ । नेपाल प्रहरी श्रीमती संघ कोशी प्रदेशकी अध्यक्ष अजिता देवकोटा बास्तोलाले बुधबार आयोजित कार्यक्रममा आश्रममा रहेका १० जना बालबालिकासहित ७० जनालाई न्यानो कपडा बितरण गरेकी हुन् । जाडो मौसमलाई लक्षित गरी आश्रित परिवारलाई न्यानो कपडा बितरण गरिएको हो । सो अवसरमा संघकी प्रदेश अध्यक्ष बास्तोलाले आश्रमका महिलाहरुसँग कुराकानीसमेत गरेकी थिइन् । सेवा नै धर्म हो भन्ने भावनाका साथ नेपाल प्रहरी श्रीमती संघ कोशी प्रदेशले मानव सेवा सम्बन्धी विभिन्न परोपकारी कार्यहरु निरन्तररुपमा संचालन गर्दै आइरहेको कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ ।

### पटाका नपड्काउन आग्रह

जनकपुरधाम । दीपावली र छठ पर्वको अवसरमा पटाका नपड्काउन जिल्ला प्रशासन कार्यालय धनुषाले सूचना जारी गरेको छ । दीपावली र छठ पर्वको अवसरमा आतिसवाजी गर्दै पड्काइने पटाका तथा अति प्रज्वलनशील जस्ता पदार्थ नपड्काउन तथा बिक्री वितरण समेत नगर्न आग्रह गर्दै जिल्ला प्रशासन कार्यालयले एक सूचना जारी गरेको हो । सूचनाको अवज्ञा गरी कानुन विपरीतका कार्यहरू गरेको पाइएमा कडा कारबाही गरिने चेतावनीसमेत जिप्रकाले दिएको छ । यस्तै, प्रशासनले जुवा, तास नखेल्न र नखेलाउनसमेत आग्रह गरेको छ । मर्यादित रूपमा चाडपर्व मनाउन अनुरोध गर्दै प्रशासनले नेपाली संस्कृति, परम्पराको जगेर्ना गर्नुपर्ने बताएको छ । देउसी भैलो, नाचगान जस्ता मनोरञ्जनात्मक कार्यहरू राति १० बजेसम्म मात्रै गर्न जारी गरिएको सूचनामा उल्लेख गरिएको छ ।

### भूकम्पपीडितलाई कोशी सरकारको एक करोड

विराटनगर । कोशी  प्रदेश सरकारले भूकम्प प्रभावितहरूको राहत तथा उपचारका लागि एक करोड रुपियाँ सहयोग गर्ने निर्णय गरेको छ । शनिबार बसेको मन्त्रिपरिषद् बैठकले उद्धार, राहत र उपचारका लागि कर्णाली प्रदेश सरकारलाई रकम पठाउने निर्णय गरेको हो । प्रदेश मन्त्रिपरिषद् बैठकले पीडितको अस्थायी बसोबासका लागि आवश्यक पर्ने एक ट्रक सामान पनि पठाउने निर्णय गरेको छ । राहत सामग्री तत्काल त्यसतर्फ लगिने मुख्यमन्त्री कार्कीले जानकारी दिए । त्रिपाल, ब्ल्याङ्केट, म्याट्रेस आदि सामानहरू पठाउने प्रदेश सरकारको तयारी रहेको उनले जानकारी दिए ।

### विद्यार्थीको आन्दोलन फिर्ता

रुपन्देही । युनिभर्सल कलेज अफ मेडिकल साइन्सेज (शिक्षण अस्पताल) भैरहवामा एक महिनादेखि जारी विद्यार्थी आन्दोलन सहमतिमा टुङ्गिएको छ । कलेजका प्रिन्सिपल प्रा.डा. लक्ष्मी पाठकलाई पदमुक्त गर्नेसहित ६ बुँदे सहमति भएपछि एक महिनादेखि जारी विद्यार्थीको आन्दोलन फिर्ता भएको हो । ड्रेस कोडमा असहमति जनाउँदै सुरु भएको आन्दोलन पछिल्लो समय प्रिन्सिपलको राजीनामासम्म आइपुगेको थियो । असोज २२ गतेबाट सुरु भएको आन्दोलनका कारण कलेजमा पढाइ र अस्पतालमा उपचार सेवा प्रभावित भएको थियो । अस्पतालका प्रमुख कार्यकारी अधिकृत मोहनकुमार पिएसले विज्ञप्ति जारी गर्दै आन्दोलनरत विद्यार्थीसँग सहमति भई विद्यार्थीका माग सम्बोधन गरिएकाले मङ्गलबारदेखि कलेजको पठनपाठन र उपचार सेवा सुचारु भएको जानकारी दिए । आन्दोलनरत विद्यार्थीले प्रमुख कार्यकारी अधिकृत कक्ष, प्राचार्य कक्ष, सह-प्राचार्य कक्ष, मेडिकल सुपरिटेन्डेन्ट कक्ष, इन्टर्नसिप संयोजक कक्ष, लेखा शाखा तथा मानव संशोधन शाखामा तालाबन्दी गरेका थिए । विद्यार्थीहरुले प्रिन्सिपल पाठकलाई पाँच दिनसम्म बन्धक बनाएका थिए । पछि प्रशासनले प्रिन्सिपल पाठकलाई बन्धक अवस्थाबाट मुक्त गरेको थियो ।

### नमूना बाल संसद् सभा बैठक सम्पन्न

जनकपुरधाम । बालबालिकामा राजनीतिप्रति बढेको वितृष्णा कम गर्न तथा संसदीय अभ्यासको विषयमा अभ्यस्त गराउन मधेश प्रदेश स्तरीय नमूना बाल संसद् सभा बैठक सम्पन्न भएको छ । बालबालिकामा रहेको अन्तर्निहित क्षमताको विकास गर्दै नेतृत्व क्षमताको विकासका लागि सेभ द चिल्ड्रेन र आसमान नेपालको सहकार्यमा जनकपुरधाममा नमूना संसद् बैठक आज सम्पन्न भएको हो । नमूना बाल संसदमा १५ वर्षदेखि १७ वर्षसम्मका बालबालिकाहरू सहभागी रहेका थिए । आसमान नेपालको सङ्कल्प परियोजना मार्फत भएको मधेश प्रदेशको नमूना संसदमा ४ मन्त्रीसहित १८ सत्तापक्ष तथा १४ जना प्रतिपक्षी वाल सांसदका बीचमा प्रदेश सभा सञ्चालनको विषयमा अभ्यास गरिएको थियो । विद्यार्थीहरूले निक्कै अभ्यस्त तरिकाले संसदीय गतिविधि सञ्चालन गरेका थिए । नमूना वाल संसद्को निर्माण पनि क्लष्टरको आधारमा गर्नुका साथै वालिकाको सहभागिता उच्च बनाउने काम भएका थिए । यसमा प्रदेश प्रमुख, मुख्यमन्त्री, सभामुख, सहितका महत्वपूर्ण पदहरूमा बालबालिकाहरू नै रहेका थिए ।


**मधेश कृषि विश्वविद्यालय**
राजविराज, सप्तरी

**कृषि स्नातक (B.Sc. Ag. Hons) तहको प्रवेश परीक्षाको online आवेदन फाराम भर्ने सम्बन्धी सूचना**

शैक्षिक सत्र २०८०/०८१ का लागि कृषि सङ्कायमा ४ वर्षे कृषि स्नातक तह (B.Sc. Ag. Hons) मा अध्ययन गर्न आवश्यक न्यूनतम योग्यता पुगेका इच्छुक विद्यार्थीहरूबाट मिति २०८०/०७/२० गतेदेखि मिति २०८०/०८/१९ गतेसम्म http://entrance.mau.edu.np मा गई online आवेदन फाराम भर्न सूचना प्रकाशन गरिएको छ ।

# आयुर्वेद क्षेत्रमा नेपाल-भारतबीच सहकार्य र सम्भावनाबारे छलफल




काठमाडौं । भारतीय राजदूतावास काठमाडौंले आठौं आयुर्वेद दिवसको उत्सवको एक हिस्साको रुपमा परम्परागत चिकित्सा विशेष गरी आयुर्वेदको क्षेत्रमा नेपाल र भारतबीच थप सहकार्य सम्भावनाबारे एक छलफल कार्यक्रमको आयोजना गरेको छ । उक्त कार्यक्रममा नेपाल सरकार, नेपाल आयुर्वेद चिकित्सक संघ, नेपाल चेम्बर अफ कमर्स र नेपाल आयुष उद्योगका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै दूतावासका नियोग उप-प्रमुख प्रसन्न श्रीवास्तवले आयुर्वेद लगायत परम्परागत चिकित्सा क्षेत्रमा भारत र नेपालबीच रहेको सहकार्यबारे चर्चा गरेका थिए ।

साथै उनले ज्ञान, विशेषज्ञता तथा क्षमता अभिवृद्धिको आदानप्रदानमार्फत आयुर्वेदमा सहकार्य प्रवर्द्धन गर्न चालिएका विविध पहलबारे जानकारी गराएका थिए । उनले यस वर्षको आयुर्वेद दिवसमा मनाइने उत्सव भारतको अध्यक्षतामा सम्पन्न जी-२० सम्मेलनको नारा 'वसुधैव कुटुम्बकम' सँग मेल खाने पनि बताए ।

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागका महानिर्देशक डा. वासुदेव उपाध्यायले आयुर्वेद नेपालको स्वास्थ्य सेवाको मान्यता प्राप्त प्रणाली भएको उल्लेख गर्दै नेपाल सरकारले आयुर्वेदको प्रवर्द्धनका लागि लिएको पहलबारे प्रकाश पारेका थिए ।

डाबर नेपालका व्यवसाय प्रमुख हरकिरत सिंह वेदीले उद्योगको धारणा व्यक्त गर्दै कसरी डाबरले नेपालबाट जडीबुटी संकलन गर्न आपूर्ति श्रृंखलाको विकास गरेको र त्यसले स्थानीय समुदायका लागि दिगो जडीबुटी खेती गर्ने अवसरहरु प्रदान गरेको बताए ।

चिकित्सकको धारणा प्रस्तुत गर्ने क्रममा नेपाल आयुर्वेद चिकित्सक संघका अध्यक्ष डा.श्यामबाबु यादवले नेपालमा आयुर्वेद चिकित्साको प्रमुख अंग भएको बताउँदै उनले नेपालमा यसको समृद्ध इतिहासबारे जानकारी गराए ।

भारत सरकार, आयुष मन्त्रालयले सन् २०१६ देखि हरेक वर्ष धनवन्तरी जयन्ती (धन्तेरस)मा आयुर्वेद दिवस मनाउँदै आएको छ । सन् २०२३ नोभेम्बर १० मा मनाइने आठौं आयुर्वेद दिवसको नारा 'एक स्वास्थ्यका लागि आयुर्वेद-हरेकका लागि हरेक दिन आयुर्वेद' रहेको छ । यस वर्षको आयुर्वेद दिवसबारे थप जानकारीका लागि https://ayurvedaday.org.in/. मा गएर हेर्न सकिनेछ ।

स्वस्थ भविष्यका लागि एक पृथ्वी एक स्वास्थ्य भावनामा केन्द्रित रही आयुर्वेदको प्रवर्द्धनमार्फत भारत र नेपालबीचको सम्बन्धलाई अझ बलियो बनाउन भारतीय राजदूतावास, काठमाडौं प्रतिबद्ध रहेको जनाएको छ ।

हार्दिक शुभकामना

विजयादशमी, शुभदिपावली, छठ पर्व २०८० को शुभ अवसरमा सम्पूर्ण नगरवासी एवं देश–विदेशमा रहनु भएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

डाक्नेश्वरी नगरपालिका
सप्तरी, मधेश प्रदेश

हार्दिक शुभकामना

विजयादशमी, शुभदिपावली, छठ पर्व २०८० को शुभ अवसरमा सम्पूर्ण नगरवासी एवं देश–विदेशमा रहनु भएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

तिरहुत गाउँपालिका
सप्तरी, मधेश प्रदेश

हार्दिक शुभकामना

विजयादशमी, शुभदिपावली, छठ पर्व २०८० को शुभ अवसरमा सम्पूर्ण नगरवासी एवं देश–विदेशमा रहनु भएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

खडक नगरपालिका
सप्तरी, मधेश प्रदेश

हार्दिक शुभकामना

विजयादशमी, शुभदिपावली, छठ पर्व २०८० को शुभ अवसरमा सम्पूर्ण नगरवासी एवं देश–विदेशमा रहनु भएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

छिन्नमस्ता गाउँपालिका
सप्तरी, मधेश प्रदेश

हार्दिक शुभकामना

विजयादशमी, शुभदिपावली, छठ पर्व २०८० को शुभ अवसरमा सम्पूर्ण नगरवासी एवं देश–विदेशमा रहनु भएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अग्निसाइर कृष्णासवरन गाउँपालिका
सप्तरी, मधेश प्रदेश

हार्दिक शुभकामना

विजयादशमी, शुभदिपावली, छठ पर्व २०८० को शुभ अवसरमा सम्पूर्ण नगरवासी एवं देश–विदेशमा रहनु भएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कञ्चनरुप नगरपालिका
सप्तरी, मधेश प्रदेश

## संक्षिप्त समाचार

### कोशीको योजना आयोगको उपाध्यक्षमा आचार्य

विराटनगर । कोशी प्रदेश सरकारले योजना आयोगको उपाध्यक्षमा पुरञ्जन आचार्यलाई नियुक्त गरेको छ । मन्त्रिपरिषद्को बैठकले बुद्धिजीवी पुरञ्जन आचार्यलाई उपाध्यक्ष नियुक्त गर्ने निर्णय गरेको हो । लगत्तै उनलाई मुख्यमन्त्री केदार कार्कीले पद तथा गोपनीयताको शपथ गराएका छन् । विराटनगर ८ का आचार्य राजनीतिक विश्लेषकको रुपमा परिचित छन् । आचार्यले यसअघि नेपाल रेडक्रस सोसाइटीको प्रोजेक्ट मेनेजर र प्लान इन्टरनेशनलको टिम लिडरको रुपमासमेत काम गरिसकेका छन् ।

### भूकम्पमा ज्यान गुमाएकाहरूप्रति दीप प्रज्वलन

सप्तरी । जाजरकोटमा भुकम्पबाट ज्यान गुमाएकाहरुप्रति सप्तरी सदरमुकाम राजविराजमामा दीप प्रज्वलन गरिएको छ । राजविराजस्थित गजेन्द्र नारायण चौकमा आइतबार तराई-मधेश महिला फाउन्डेसनकी केन्द्रीय अध्यक्ष सुनिता साह (क्रान्ति) को नेतृत्वमा मृतकहरुप्रति दिप प्रज्वलन कार्यक्रम श्रञ्द्धजली एवं मौनधारण गरिएको हो ।

### बेहोस भएर थुनुवाको मृत्यु

कैलाली । जिल्ला प्रहरी कार्यालय कैलालीको थुनुवा कक्षमा एक जना थुनुवाको मृत्यु भएको छ । धनगढी -१६ घसिटाका ३१ वर्षीय कृष्णबहादुर सेटीको बिहीवार बिहान मृत्यु भएको हो । कुर्सीमा बसिरहेको अवस्थामा बेहोस भई ढलेपछि उनलाई उपचारका लागि अस्पताल लगिएको र पुग्नेबित्तिकै चिकित्सकले मृत घोषणा गरेको थियो । कुटपिटको अभियोगमा गत सोमबार प्रहरीले पक्राउ गरी थुनुवा कक्षमा राखी घटनाबारे अनुसन्धान गरिरहेको थियो । यता, परिवारजनले मृत्यु भएको घटनाबारे सत्यतथ्य छानबिन गर्न माग गरेको छ ।

### ट्रकको ठक्करबाट युवकको मृत्यु

बाँके । कोहलपुरमा ट्रकले ठक्कर दिँदा एक युवकको मृत्यु भएको छ । कोहलपुरस्थित कृषि चोकमा बुधबार साँझ ट्रकले ठक्कर दिँदा जाजरकोटको छेडागाड नगरपाालिका-११ का ३१ वर्षीय गोरख चुदाराको मृत्यु भएको हो । सुदूरपश्चिमबाट काठमाडौं जाँदै गरेको ००१ ख २४३२ नम्बरको मालबाहक ट्रकले कोहलपुर-२ प्रेमनगर नजिकै रहेको कृषि चोकमा चुदारालाई ठक्कर दिएको हो । उनको घट्नास्थलमै ज्यान गएको हो । ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### हत्या अभियोगमा महिला पक्राउ

पर्सा । पर्सागढी नगरपालिका-४ हरदासपुर टोल बस्ने ५८ वर्षीय राजिन्द्र रामको कुटपिट गरी हत्या गरेको अभियोगमा सोही ठाउँ बस्ने ५० वर्षीया आशा चौधारीलाई प्रहरीले पक्राउ गरेको छ । मादक पदार्थ सेवन गरी उनीहरूबीच सोमबार साँझ कुटपिट तथा झै-झगडा हुँदा गम्भीर घाइते भएका उनको एलएस न्यूरो अस्पतालमा उपचारको क्रममा बुधबार साँझ मृत्यु भएको हो ।

### खोलामा डुबेर मृत्यु

बाँके । राप्तिसोनारी गाउँपालिका-४ बस्ने २५ वर्षीय पञ्चराम बिकको सोही ठाउँस्थित खोलामा डुबेर बुधबार बेलुकी मृत्यु भएको छ । खोलाको तलाउमा भाँडा धुने क्रममा अचानक लड्न जाँदा डुबेर उनको मृत्यु भएको बताइएको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### छापाखानामा आगलागी हुँदा ६० लाखको क्षति

रौतहट । चन्द्रपुर नगरपालिका-४ स्थित दिप आर्ट एण्ड प्रिन्ट पसल तथा छापाखानामा आगलागी भएको छ । विद्युत सर्ट भई बुधबार राति आगलागी हुँदा करिब ६० लाख रूपैयाँ बराबरको धनमाल जलेर नष्ट भएको हो ।

### आगलागीबाट चार धनमाल जलेर नष्ट

रूपन्देही । बुटवल उपमहानगरपालिका-९ इँटाभट्टास्थित मडिराज गौतमको होटल द मिरर इन को पाचौं तलाको कोठामा आगलागी हुँदा चार लाखभन्दा बढीको क्षति भएको छ । मंगलबार राति आगलागी हुँदा २ वटा बेडरूम, १ वटा दराज, कुर्ची, टिभि, एसी झ्याल-ढोका र जिपसन पूर्णरुपमा जलेर करिब ४ लाख रूपैयाँ बराबरको धनमाल नष्ट भएको हो । प्रहरीले स्थानीय बासिन्दा र दमकलको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

### बसको ठक्करबाट एकको मृत्यु

रौतहट । जिल्लाको माधवनारायण नगरपालिकामा बसको ठक्करबाट एक जनाको मृत्यु भएको छ । माधवनारायण नगरपालिका-७ फूलवरियास्थित सडकमा ना.६ प १४६३ नम्बरको बसको ठक्करबाट सोही ठाउँ बस्ने ६५ वर्षीय ब्रहमदेव दासको शुक्रबार बिहान मृत्यु भएको हो । ठक्करबाट गम्भीर घाइते भएका उनको प्रादेशिक अस्पताल गौरमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । हाल फरार बस चालकको प्रहरीले खोजी गरिरहेको छ ।

### नदीमा डुबेर दुई बालकको मृत्यु

कैलाली । बर्दगोरिया गाउँपालिका-६ स्थित काँडा नदीमा डुबेर दुई बालकको मृत्यु भएको छ । सोही ठाउँ बस्ने योगेन्द्र मल्लको छोरा ७ वर्षीय आयुस मल्ल र दिपक मल्लको छोरा ८ वर्षीय दिप्सन मल्लको बिहीबार दिउँसो मृत्यु भएको हो ।

नुहाउने क्रममा डुबेर अशक्त भएका उनीहरूको बर्दगोरिया अस्पतालमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### मोटरसाइकलको ठक्करबाट पैदलयात्रीको मृत्यु

कैलाली । गौरीगंगा नगरपालिका-२ झिलस्थित सडकमा भे.७ प ५३८१ नम्बरको मोटरसाइकलको ठक्करबाट एक पैदलयात्रीको मृत्यु भएको छ । सोही नगरपालिका-२ कटान बस्ने ७३ वर्षीया पावनी देवी साउदको शुक्रबार बिहान मृत्यु भएको हो । ठक्करबाट गम्भीर घाइते भएकी उनको निसर्ग अस्पताल धनगढीमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिनुका साथै दुर्घटनाका सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।



# हार्दिक शुभकामना

विजयादशमी, शुभदिपावली, छठ पर्व २०८० को शुभ अवसरमा सम्पूर्ण नगरवासी एवं देश–विदेशमा रहनु भएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**जलेश्वर नगरपालिका**

**महोत्तरी, मधेश प्रदेश**

# हार्दिक शुभकामना

विजयादशमी, शुभदिपावली, छठ पर्व २०८० को शुभ अवसरमा सम्पूर्ण नगरवासी एवं देश–विदेशमा रहनु भएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**देवानगन्ज गाउँपालिका**

**सुनसरी, कोशी प्रदेश**

# हार्दिक शुभकामना

विजयादशमी, शुभदिपावली, छठ पर्व २०८० को शुभ अवसरमा सम्पूर्ण नगरवासी एवं देश–विदेशमा रहनु भएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**गौर नगरपालिका**

**रौतहट, मधेश प्रदेश**

# हार्दिक शुभकामना

विजयादशमी, शुभदिपावली, छठ पर्व २०८० को शुभ अवसरमा सम्पूर्ण नगरवासी एवं देश–विदेशमा रहनु भएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**चन्द्रनगर गाउँपालिका**

**सर्लाही, मधेश प्रदेश**

## आर्थिक समाचार

### सूर्य नेपालद्वारा भूकम्पपीडितको राहात तथा उद्धारका लागि १ करोड ४० लाख सहयोग

काठमाडौं । सूर्य नेपाल प्रा.लि.ले आफ्नो व्यावसायिक सामाजिक दायित्वअन्तर्गत भूकम्पका कारण जाजरकोट, रुकुम लगायतका जिल्लाहरुमा जनधनको व्यापक क्षति भएकोमा तत्काल उद्धार, राहात तथा पीडितहरुको पुनर्स्थापनामा मद्दत पुर्‍याउन रु.१ करोड ४० लाख सहयोग गरेको छ ।

रु.१ करोड रुपैयाँ प्रधानमन्त्री दैबी प्रकोप राहात कोषमा जम्मा हुने गरी कम्पनीका प्रबन्ध निर्देशक रवी रायवरम, भाइस प्रेसिडेन्ट रवी केसी, विकास भुत्रा, दिप्रा लाहिरी र वित्त प्रबन्धक प्रेम अर्यालको टोलीले प्रधानमन्त्री प्रचण्डलाई हस्तान्तरण गरेको छ ।

कम्पनीले थप रु.३५ लाख बराबरको खाद्यान्न, टारपाउलिन र ब्ल्याङ्केटहरु जाजरकोट पठाइसकेको छ र साथै रु.५ लाख बराबरको औषधी वीर अस्पतालको प्रभावित क्षेत्रतर्फ जाने टोलीलाई हस्तान्तरण गरिसकेको सूर्य नेपाल प्रा.लि.ले आधिकारीक जानकारी गराएको छ ।

प्राइम बैंकद्वारा भूकम्पपीडितहरुलाई २५ लाख ५१ हजार सहयोग गर्ने

काठमाडौं । भूकम्पपीडितहरुको तत्काल राहत सहयोगार्थ प्राइम कमर्सियल बैंक लिमिटेडले रु. २५ लाख ५१ हजार आर्थिक सहयोग गर्ने निर्णय गरेको छ ।

शुक्रबार, राति जाजरकोट केन्द्रबिन्दु भई गएको विनाशकारी भूकम्पबाट जनधनको अपूरणीय क्षति व्यहोर्नु परेको अकल्पनीय घटनाप्रति प्राइम कमर्सियल बैंकले परिवार गहिरो दु:ख व्यक्त समेत गरेको छ ।

विनाशकारी भूकम्पको चपेटामा परी दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजनमा बैंकले हार्दिक समवेदना व्यक्त गरेको छ ।

साथै, उपचाररत सम्पूर्ण घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ ।

### ग्लोबल आइएमई बैंकको नायव प्रमुख कार्यकारी अधिकृतमा सुमन पोखरेल नियुक्त

काठमाडौं । ग्लोबल आइएमई बैंक लिमिटेडको नायव प्रमुख कार्यकारी अधिकृतमा सुमन पोखरेल नियुक्त भएका छन् ।

आइतबार बसेको बैंकको संचालक समितिको बैठकले पोखरेललाई नायव प्रमुख कार्यकारी अधिकृतमा नियुक्त गरेको हो । पोखरेलसँग दुई दशक भन्दा लामो बैंक तथा वित्तीय क्षेत्रमा काम गरेको अनुभव रहेको छ ।

वित्तीय संस्थाहरुको दीर्घकालीन व्यावसायिक योजना, रणनीति तर्जुमा तथा कार्यान्वयनमा अत्यन्त कुशल तथा नेतृत्वदायी भूमिका निर्वाह गरी कुशल व्यवस्थापकको रुपमा स्थापित पोखरेल यस अघि आइएमई ग्रुपको बरिष्ठ उपाध्यक्षको भुमिकामा रहि कार्य सम्पादन गरिसकेका थिए ।

नेपालको पहिलो रेमिटचान्स कम्पनी आइएमई लिमिटेडको प्रमुख कार्यकारी अधिकृतमा रहि उक्त कम्पनीलाई थप उचाईमा पुर्‍याउन महत्वपुर्ण भुमिका निर्वाह गरेका छन् ।

नवनियुक्त नायव प्रमुख कार्यकारी अधिकृत पोखरेलले नेपालको सबैभन्दा ठुलो बैंकमा पून: आबद्ध भई काम गर्ने अवसर प्राप्त गरेकोमा खुसी ब्यक्त गर्दै बैंकलाई थप सबल र सुदृढ बनाउन आफ्नो भुमिका रहने बताए ।

ग्लोबल आइएमई बैंक मुलुकका ७७ जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो ।

बैंकले ३५२ शाखा, ३६२ एटीएम, ३२२ शाखा रहित बैंकिङ्ग सेवा, ६६ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा वैदेशिक प्रतिनिधि कार्यालयसमेत गरी १,१०० भन्दा बढी सेवा केन्द्रबाट ४५ लाख भन्दा बढी ग्राहकहरुमाझ सेवा प्रदान गरिरहेको छ ।

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**वीरगन्ज महानगरपालिका**

**पर्सा, मधेश प्रदेश**

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**मटिहानी नगरपालिका**

**महोत्तरी, मधेश प्रदेश**

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**छिन्नमस्ता गाउँपालिका**

**सप्तरी, मधेश प्रदेश**

## हार्दिक शुभकामना

विजयादशमी, शुभदिपावली, छठ पर्व २०८० को शुभ अवसरमा सम्पूर्ण नगरवासी एवं देश–विदेशमा रहनु भएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

जनकपुरधाम उपमहानगरपालिका
धनुषा, मधेश प्रदेश

## हार्दिक शुभकामना

विजयादशमी, शुभदिपावली, छठ पर्व २०८० को शुभ अवसरमा सम्पूर्ण नगरवासी एवं देश–विदेशमा रहनु भएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

हंशपुर नगरपालिका
धनुषा, मधेश प्रदेश

## हार्दिक शुभकामना

विजयादशमी, शुभदिपावली, छठ पर्व २०८० को शुभ अवसरमा सम्पूर्ण नगरवासी एवं देश–विदेशमा रहनु भएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सबैला नगरपालिका
धनुषा, मधेश प्रदेश

## हार्दिक शुभकामना

विजयादशमी, शुभदिपावली, छठ पर्व २०८० को शुभ अवसरमा सम्पूर्ण नगरवासी एवं देश–विदेशमा रहनु भएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विदेह नगरपालिका
धनुषा, मधेश प्रदेश


## जिल्ला समाचार

### भूकम्पपीडितका कुरुवालाई कम्बल र तन्ना वितरण

दिनेश ठाकुर, नेपालगन्ज । कसौधन वैश्य समाज बाँकेका पूर्व अध्यक्ष तथा व्यवसायी नन्दलाल वैश्यले भेरी अस्पतालमा उपचार गराइरहेका घाइते र कुरुवालाई ३१ थान कम्बल र ३१ वटा तन्ना वितरण गरेका छन् । कम्बल र तन्ना वितरणका लागि वैश्यले बाँकेका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेललाई हस्तान्तरण गरेका छन् । जाजरकोट र रुकुमपश्चिममा आएको भूकम्पमा परी घाइते भई भेरी अस्पतालमा उपचाररत बिरामी र बिरामीका कुरुवालाई सहजता मिलोस् भनी सो कम्बल र तन्ना हस्तान्तरण गरिएको नेपालगन्ज उद्योग वाणिज्य सङ्घका पूर्व अध्यक्ष समेत रहेका वैश्यले बताए । उनले यो दुखद घडीमा सबैले मिलेर एकअर्काको सहयोग गर्नु प्रमुख धर्म भएको बताउँदै आवश्यक परे अरू पनि सहयोग गरिने जनाए । सोही प्रकारले अस्पतालमा रहेका घाइते र कुरुवालाई उनले आइतबार चिया बिस्कुट र केरालगायत गरेर बिहानको नास्ता पनि खुवाए । कम्बल र तन्ना लिँदै बाँकेका प्रमुख जिल्ला अधिकारी पोखरेलले सबैको सहयोग र समर्थन र दौडधुपले गर्दा घाइतेको उपचार समयमै गर्न सकिएको जनाउँदै भूकम्पपीडितको उपचार र अन्य सहयोगका लागि बाँकेवासीले देखाएको आत्मीयता सराहनीय रहेको बताए । उनले सुरक्षा निकाय, चिकित्सक, स्वास्थ्यकर्मी, समाजसेवी, पत्रकार र अन्य नागरिकले दिएको सहयोग र हौसलाकै कारण यहाँ आएका सबै घाइतेको राम्रो उपचार हुँदा सबै सकुशल र खतरामुक्त रहेको बताए । राप्रपाका युवा नेता सहायक महामन्त्री ऋषिराज देवकोटा, नेपालगञ्ज उपमहानगरपालिका वडा न ८ का वडाअध्यक्ष बिबेक वाजपेयी, राप्रपा बाके नेपालगञ्ज उपमहानगरपालिका वडा न ३ का एकाई अध्यक्ष अमन गुप्ता लगायतको सहभागिता रहेको थियो ।

### स्थानीय तहहरुद्वारा राहत प्रदान

रुपन्देही । जिल्लाका स्थानीय तहहरुले जाजरकोटको भूकम्पपीडितका लागि राहत प्रदान गरेका छन् । बुटवल उपमहानगरपालिकाले भूकम्प प्रभावितका लागि राहत सामग्री पठाएको छ । चामल, दाल, तोरीको तेल, नुन, भटमास, कम्बल र म्याट गरी एक ट्रक सामान जाजरकोट पठाइएको उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले जानकारी दिए । यस्तै, तिलोत्तमा नगरपालिकाले रु. १० लाखसहित स्वास्थ्यकर्मी र आवश्यक सामग्री त्यसतर्फ पठाएको छ । यस्तै रुपन्देही क्षेत्र नं ५ का प्रतिनिधिसभा सदस्य वासुदेव घिमिरे र गैडहवा गाउँपालिका अध्यक्ष सुरेन्द्र पौडेल भूकम्पपीडितका लागि राहत लिएर जाजरकोट पुगेका छन् । यसैगरी सियारी गाउँपालिकाले भूकम्पपीडितका लागि खाद्यान्न तथा लत्ताकपडासहितको राहत सामग्री पठाएको छ । यस्तै विभिन्न सङ्घसंस्थाको सहयोगमा सिद्धार्थनगर नगरपालिकाले सङ्कलन गरेको राहत सामग्री जाजरकोट पठाइएको छ । रोहिणी गाउँपालिकाले भूकम्प प्रभावित क्षेत्रमा रु. चार लाख बराबरको राहत सामग्री पठाउने निर्णय गरेको हो ।

### खैरो हेरोईन र गाँजासहित तीन जना पक्राउ

पर्सा । पर्सा जिल्लाको विभिन्न ठाउँबाट अवैध लागूऔषध खैरो हेरोईन र गाँजासहित तीन जना पक्राउ परेका छन् । वीरगंज महानगरपालिका-१६ इनर्वागाउँ चोकस्थित सडकबाट अवैध लागूऔषध खैरो हेरोईन जस्तो देखिने पदार्थ १ ग्राम ५ मिलिग्राम र नियन्त्रित लागूऔषध नाईट्राभेट २ सय ७० ट्याब्लेटसहित २ जनालाई शनिबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा चितवन कालिकामाई नगरपालिका-६ बस्ने १९ वर्षीय सुजन तिवारी र सोही नगरपालिका- ७ बस्ने १९ वर्षीय शक्ति परियार रहेका छन् । लागूऔषध नियन्त्रण ब्यूरो शाखा वीरगंज र अस्थायी प्रहरी पोष्ट इनर्वागाँउबाट खटिएको प्रहरी टोलीले भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका उनीहरूलाई उक्त लागूऔषधसहित पक्राउ गरेको हो । यसैगरी, पटेर्वा सुगौली गाउँपालिका-५ निचुटा नौगछियाबाट अवैध लागूऔषध गाँजा करिब १० किलोग्रामसहित जगनाथपुर गाउँपालिका-५ सोपुर बस्ने ४५ वर्षीय हिरामान यादवलाई शनिबार राति प्रहरीले पक्राउ गरेको छ । विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय पटेर्वा सुगौली र अस्थाई प्रहरी पोष्ट सुपौलीबाट खटिएको प्रहरीले बीआर २२ एई ६७४० नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा बोरामा ल्याउँदै गरेको उक्त गाँजासहित उनलाई पक्राउ गरेको हो ।

### ट्याक्टरमा च्यापिएर एकको मृत्यु

कपिलवस्तु । शुद्धोधन गाउँपालिका-२ मदारगढस्थित लु.४ त १५२४ नम्बरको ट्याक्टरले खेत जोत्ने क्रममा ट्याक्टरमा च्यापिएर सोही ठाउँ बस्ने ४२ वर्षीय मुस्ताफा मुसलवानको बिहीबार साँझ मृत्यु भएको छ । च्यापिएर गम्भीर घाइते भएका उनको मेडिकल कलेज भैरहवामा उपचारको क्रममा मृत्यु भएको हो । हाल फरार ट्याक्टर चालकको प्रहरीले खोजी गरिरहेको छ ।




## भूकम्पपीडितलाई दैनिक प्रयोग हने अत्यावश्यक बस्तुहरूको सहज व्यवस्था मिलाउन निर्देशन



काठमाडौं । भूकम्पपीडितलाई दैनिक प्रयोग हुने अत्यावश्यक वस्तुहरुको सहज व्यवस्था मिलाउन उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्त हित समितिले सरकारलाई निर्देशन दिएको छ ।

समितिका सभापति अब्दुल खानको सभापतित्वमा सोमबार बसेको बैठकले यस्तो निर्णय गरेको हो ।

बैठकले भूकम्पका कारण ज्यान गुमाउने नागरिकहरुप्रति श्रद्धान्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना र घाईतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गरेको छ ।

घटना लगतै नेपाल सरकार, प्रदेश सरकार र स्थानीय पालिकाहरुबाट भएका खोज, उद्धार र उपचार कार्यमा भएगरेका तदारुकताका लागि र उपचारमा संलग्न सम्पूर्ण स्वास्थ्यकमी, सुरक्षाकर्मी, स्थानिय स्वास्थ्यकर्मी जनप्रतिनिधि र स्वयमसेवकहरुले खेल्न् भएको भुमिका प्रति समितिको तर्फबाट हार्दिक आभार व्यक्त गरेको छ ।

भूकम्प प्रभावित क्षेत्रका लागि सरकारी, गैर सरकारी संघ संस्था, स्वदेश, विदेश र व्यक्तिगत रुपमा सकलन हुने राहत सामग्रीहरु प्रभावकारी रुपमा एकद्धार प्रणालीबाट वितरण गर्ने र भूकम्पबाट पिडितहरुका लागि तत्काल अस्थायी बसोबास, शुद्ध पिउने पानी, स्वच्छकर खानेकुरा, औषधी लगायतका दैनिक प्रयोग हने अत्यावश्यक बस्तुहरुको सहज व्यवस्था मिलाउन समितिले नेपाल सरकारलाई निदेशन दिने निर्णय गरेको सभापति खानको सचिवालयले जनाएको छ ।

## आइएमई ग्रुपद्वारा रू.१ करोड ५० लाखको चेक हस्तान्तरण

काठमाडौं । आइएमई ग्रुप तथा ग्लोबल आइएमई बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले जाजरकोट, रुकुम पश्चिम लगायतका जिल्लाका भूकम्प प्रभावितहरूको लागि घोषणा गरिएको सहयोग रकम रु. १ करोड ५० लाखको चेक प्रधानमन्त्री पुष्पकमल दाहाललाई हस्तान्तरण गरेका छन् ।

अध्यक्ष ढकालले ग्लोबल आइएमई बैंक, आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स, आइएमई लाइफ इन्स्योरेन्स र आइएमई लिमिटेड लगायत आइएमई ग्रुपबाट प्रवर्द्धित कम्पनीहरू तथा आइएमई फाउन्डेसन मार्फत घोषणा गरिएको सहयोग रकमको चेक प्रधानमन्त्री दाहाललाई हस्तान्तरण गरेका हुन् । चेक हस्तान्तरणमा अर्थमन्त्री डा. प्रकाश शरण महत र मुख्यसचिव डा. बैकुण्ठ अर्याल समेत उपस्थित थिए ।

यसैगरी, आइएमई ग्रुपका प्रबन्ध निर्देशक हेमराज ढकाल, ग्लोबल आइएमई बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्रचार्य, आइएमई लिमिटेडका प्रमुख कार्यकारी अधिकृत खिलेन्द्र पौडेल, आइजिआई प्रुडेन्सियल इन्स्योरेन्सका प्रमुख कार्यकारी युगेशभक्त बादे श्रेष्ठ, ग्लोबल आइएमई बैंकका वरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मी, नायव प्रमुख कार्यकारी अधिकृत सुमन पोखरेल लगायतको पनि उपस्थिति थियो ।

सहयोग रकम हस्तान्तरणसँगै आइएमई ग्रुपले भूकम्पका कारण मृत्यु भएका नागरिकहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारमा गहिरो समवेदना तथा घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गरेको छ।

साथै, भूकम्प प्रभावित क्षेत्रमा आइएमई ग्रुप तथा आइएमई फाउन्डेसनले स्थानीय प्रशासनसँगको समन्वयमा थप राहत सहयोग समेत उपलब्ध गराउने प्रतिबद्धता समेत जनाएको छ ।




सप्तरी जिल्लाको महदेवा गाउँपालिका वडा नं. २ कणौली निवासी श्री वैधनाथ मण्डलको धर्मपत्नी, शिवनाथ मण्डल, रंजन मण्डल, तेजनारायण मण्डल, नारायण मण्डल, किरण भारती मण्डलका ममतामयी माता श्रीमती धनमन्ती देवी मण्डलको मिति २०८० कार्तिक १५ गते बुधबार बिहान १०:३० बजे असामयिक निधन भएकोले श्रद्धासुमन अर्पण गर्दछौं । साथै शोकाकुल परिवारमा धैर्य धारण गर्न भगवानले शक्ति प्रदान गरुन् भनी कामना गर्दछौं ।

**प्रार्थी**

दशरथ मण्डल
निर्मलादेवी मण्डल
पुत्र : श्याम मण्डल/रामनारायण मण्डल
नाति/नातिनी
विजया, रक्षा, नेहा, अजय, खुश्बु, कृष्ण, पुजा, शृष्टि, अयान, घनश्याम

छोरी/ज्वाइँ
चनन, गोपाल, पवन, हेमनारायण, शशिता, मनोज, मंजु, जितनारायण, अंजु, किशोर
एवं
समस्त मण्डल परिवार

# नेपाली क्रिकेट टोलीलाई २० थान ब्याटसहित व्यावसायिक खेल सामग्री प्रदान

काठमाडौं । कप्तान रोहित पौडेलको नेतृत्वमा रहेको नेपाली राष्ट्रिय क्रिकेट टोलीलाई काठमाडौंस्थित भारतीय दूतावासले न्यानो स्वागत गरेको छ ।




कार्यक्रममा नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले नेपाल क्रिकेट संघका अध्यक्ष चतुरबहादुर चन्द र सचिव पारस खड्काको उपस्थितिमा सरीन स्पोर्ट्सबाट खरिद गरिएका २० थान क्रिकेट ब्याटसहितका व्यावसायिक खेल सामग्री नेपाली क्रिकेट टोलीका कप्तान रोहित पौडेललाई हस्तान्तरण गरेका हुन् । बीपी कोइराला इन्डिया-नेपाल फाउण्डेशन र भारत सरकारको सार्वजनिक क्षेत्रको संस्था एसजेभीएन लिमिटेडको तर्फबाट उक्त उपकरण हस्तान्तरण गरिएको हो । नेपाली क्रिकेट टोलीले राजदूतलाई नेपाली क्रिकेट टोलीको हस्ताक्षर भएको जर्सी पनि प्रदान गरेको छ ।

राजदूतले आफ्नो मन्तव्यमा नेपाली राष्ट्रिय क्रिकेट टोलीलाई विशेष गरी हालै सम्पन्न एसिया कप र एसियाली खेलकुदमा उत्कृष्ट प्रदर्शन गरेकोमा बधाई दिएका थिए । उनले हस्तान्तरणले भारत र नेपालबीचको जनस्तरको सम्बन्धमा नयाँ आयाम थपिने बताए । राजदूतले आगामी त्रिदेशीय टी-२० कप फाइनल र महिनाको अन्त्यमा सुरु हुने आईसीसी-टि-२० विश्वकप छनोट प्रतियोगिताका लागि क्रिकेट टोलीलाई शुभकामना व्यक्त गरे ।

नेपाल क्रिकेट संघका अध्यक्ष चतुरबहादुर चन्द, संघका सचिव पारस खड्का र क्रिकेट टोलीका मुख्य प्रशिक्षक मोन्टी देसाईले दूतावास, बीपी कोइराला इन्डिया-नेपाल फाउण्डेसन र एसभीजेएन लिमिटेडलाई हस्तान्तरण गरेकोमा प्रशंसा गरेका छन् । उक्त उपकरणले दूतावास र नेपाल क्रिकेट संघबीच सहकार्यको यात्राको सुरुवात गरेको हो ।

काठमाडौंस्थित भारतीय राजदूतावासले यसअघि २०१३ मा नेपाल क्रिकेट संघलाई बस उपलब्ध गराएको थियो र बी.पी. कोइराला भारत-नेपाल फाउन्डेसनले अप्रिल-मे २०२३ मा कोलकातामा हुने त्रिकोणात्मक क्रिकेट प्रतियोगितामा सहभागी हुन नेपाली बहिरा क्रिकेट टोलीलाई सहयोग गरेको थियो।

# भारतद्वारा आपतकालीन राहत सामग्रीको दोस्रो खेप हस्तान्तरण

काठमाडौं । भारत सरकारले नेपालका भूकम्प प्रभावित परिवारहरुका लागि आपतकालीन राहत सामग्रीको दोस्रो खेप हस्तान्तरण गरेको छ ।

भारत सरकारको तर्फबाट भारतीय राजदूतावासका नियोग उप-प्रमुख प्रसन्न श्रीवास्तवले नेपालगञ्जका मेयर प्रशान्त विष्टको उपस्थितिमा बाँकेका प्रमुख जिल्ला अधिकारी श्रवण कुमार पोखरेललाई हस्तान्तरण गरेका हुन् ।

अत्यावश्यक चिकित्सा तथा सरसफाई सामग्री, त्रिपाल, स्लीपिङ्ग ब्याग र कम्बल सहितको ९ टन राहत सामग्री भारतीय वायुसेनाको विशेष विमान सी-१३० ले नेपालगञ्ज ल्याइपुर्याएको थियो । यी राहत सामग्रीको हस्तान्तरण यही कार्तिक १७ गते जाजरकोटमा गएको भूकम्पपछि नेपाल सरकारलाई सहयोग गर्ने भारत सरकारको प्रयासको एक हिस्साको रुपमा रहेको छ ।

त्रिपाल, टारपोलिन सिट, कम्बल, स्लीपिङ्ग ब्याग, अत्यावश्यक औषधी र चिकित्सा उपकरण सहितको ११ टन भन्दा बढी आपतकालीन राहत सामग्रीको पहिलो खेप भारतले नेपाल सरकारलाई कार्तिक १९ गते हस्तान्तरण गरेको थियो ।

जाजरकोटको भूकम्पले निम्त्याएको यो मुस्किल घडीमा नेपाल सरकारलाई हरसम्भव सहयोग प्रदान गर्न भारत तयार रहेको जनाएको छ ।

## स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको मर्यादा कायम गरौं

कसैले पनि स्वास्थ्य उपचारको विषयलाई लिएर,

- स्वास्थ्य संस्थामा आगजनी गर्नु,
- स्वास्थ्य संस्थामा तोडफोड वा हानि नोक्सानी पुऱ्याउनु,
- स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई कुटपिट गर्नु तथा चोट पुऱ्याउनु, धम्की दिनु, गाली-गलौज गर्नु वा अभद्र व्यवहार गर्नु,
- स्वास्थ्य संस्थामा तालाबन्दी गर्नु वा घेराऊ गर्नु,
- स्वास्थ्य संस्थाले प्रदान गर्ने उपचार सेवामा बाधा पुऱ्याउनु,

यस्ता कार्यहरु कानूनबमोजिम दण्डनीय भएकोले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको मर्यादा कायम गरौं, असल नागरिकको कर्तव्य निर्वाह गरौं।



**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## होसियारीपूर्वक कारोबार गरौं, कानूनी कारवाहीबाट बचौं

- रकम नभएको खाताको चेक जारी नगरौं,
- खातामा रकम भएको सुनिश्चित गरेर मात्र चेक जारी गरौं,
- खाली चेकमा हस्ताक्षर नगरौं,
- तमसुक वा धरौटीको रुपमा चेकलाई प्रयोग नगरौं,
- गैरकानूनी लेनदेन नगरौं।

चेक जारी गर्दा होशियारी अपनाऔं, कानूनी कारबाहीबाट बचौं।



**नेपाल सरकार**
**विज्ञापन बोर्ड**




साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड द्वारा प्रवर्द्धित STC ग्याँस

तौल पूर्ण, सुरक्षा सम्पूर्ण

- ISI स्टाण्डर्डको भित्र बाहिर रबर कोट मै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुन: प्रयोग गर्न न सकिने प्लाष्टिक सिल भएको सिलिण्डर
- कम्प्युटर प्रविधिबाट चल्ने प्लान्ट, तौलमा सोह्रै आना ढुक्क हुनुहोस्

मेट्रो काठमाडौं ग्यास इण्डष्ट्रिज लिमिटेड
ईमेल: metro@stcnepal.com




साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरु

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, का. सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं